# अध्याय : एक

## शोध परिचय

### विषय प्रवेश

सुनेर, पढेर, हेरेर कुनै कुरा बुझ्ने क्षमता ज्ञान अनुभव, समझ, सोच, सम्झना, अनुभूति आदिलाई बोधका रुपमा औंल्याउन सकिन्छ (अधिकारी,२०६१ पृ.७३७) । सुनाइ र बोलाइका भाषाका प्रारम्भिक र आधारभूत सीप भएकाले यिनैका जगमा टेकेर लेखाइ र पढाइ सिप विकसित हुन्छन् । बोलाइ र लेखाइ सिप प्रदानात्मक सिप भनिन्छ  भने सुनाइ र पढाइ ग्रहणात्मक सिपभित्र पर्दछन् । भाषिक सिपहरुलाई एकअर्कामा समन्वयात्मक रुपमा शिक्षण गरिएमा मात्र उद्देश्यअनुसारको लक्ष्य हासिल गर्न गराउन सकिन्छ ।

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय,कनकाई बहुमुखी क्याम्पस,सुरुङ्गा झापाको स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यांश नेपा.शि.५९८ को प्रयोजनको लागि यो शोधपत्र तयार पारिएको हो । यस शोधपत्रको विषयको छनोट गर्दा *“कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरुको श्रुतिबोध क्षमता”* छनोट गरिएको छ । विद्यालयमा विद्यार्थीको भाषिक सिपको गर्नका लागि आवश्यक पर्ने सिपहरुमध्ये आधारभूत सिपको रुपमा रहेको सुनाइ सिपको विकासका लागि आवश्यकता महसुस गरी यो शीर्षक चयन गरिएको छ ।

हरेक विषयको पछाडि केही न केही दार्शनिकता रहेको हुन्छ । यस शीर्षकका पछाडि पनि दार्शनिकता पाइन्छ किनकी “दार्शनिकता भनेकै दार्शनिक हुनाको भाव,अवस्था वा विशेषता हो”( शब्दकोश २०४० पृ.६४६) । यस शीर्षकको पनि दार्शनिकता यो छ कि नेपाल सरकारले तोकेको नेपाली भाषा पाठ्यक्रमबाट भाषाका चार सिपको विकास गर्ने जुन उद्देश्य राखेको छ त्यसलाई पूरा गर्नका लागि शुरुवातको सिपको रुपमा यो शीर्षक महत्वपूर्ण रहेको छ सुन्ने काम नभई बोल्ने काम नहुने, बोल्नै नसकेपछि पढ्ने काम नहुने,पढ्न नसकेपछि लेख्न नसकिने यी सबै कुरा अवरुद्ध भएपछि विचार विनिमय गर्न असम्भव हुने भएकाले पनि सुनाइ सिपको महत्ता अझ स्पष्टरुपमा झल्किन्छ । यसको दार्शनिकता हुँदा हुँदै पनि यसका केही समस्याहरु रहेका पाइन्छन् । जस्तैः

नेपाली भाषा शिक्षण गर्दा भाषिक सिपको विकासमा ध्यान दिएको पाईंदैन साथै ,भाषा शिक्षण गर्ने शिक्षक विशेषज्ञता हासिल गरेको नहुँदा समस्या देखिएको छ,नेपाली भाषा शिक्षण जसले पनि गर्न सक्ने सोच भएका व्यवस्थापक हुनाले पनि समस्या चुलिँदै गएको छ । शिक्षाका

सरोकारवालाहरु,अभिभावक,शिक्षक स्वयंमा नेपाली भाषाप्रति वितृष्णा हुँदा अङ्ग्रेजी भाषाले समाजमा प्रभाव जमाउन सफल भएको देखिन्छ । स्वागत, विदाई, अभिवादन, कृतज्ञता ज्ञापन आदि गर्दा नेपाली भाषामा नगराइने परिपाटिले पनि समस्या थप्न मद्दत गरेको देखिन्छ । नेपाली भाषाबाहेकका अन्य विषय अध्यापन गर्दा शुद्धाशुद्धीको ख्याल नगरिंदा यो समस्या झन विकराल बन्दैछ ।

भाषालाई कलाको रुपमा केलाउँदा विद्यार्थीहरु भाषिक कलामा निपुण हुनु भनेको भाषाका चारै सिपहरुमा उनीहरुले कक्षाका आधारमा स्तरीकृत सिपहरुमा दक्षता प्राप्त गर्नु हो । भाषाका सिप वा कला हासिल गर्ने कुरा विद्यार्थीले गर्ने अभ्यासमा भर पर्दछ । कम अभ्यास भए कम, बढी अभ्यास भए बढी प्राप्त हुन्छ ।

## समस्या कथन

कथ्यबाट नै बोध गर्नु श्रुतिबोध भएकाले मौखिक र लिखित विचारलाई प्रभावकारी बनाउन भाषिक सिपको आधारशिलाको रुपमा रहेको श्रुतिबोधसँग सम्बन्धित समस्याप्रति परिचित भएपछि मात्र शिक्षण सामग्रीबाट स्तरअनुसारको उपलब्धि हासिल गर्न सकिन्छ । अतः यस अध्ययनमा *'कक्षा-७ मा अध्ययनरत विद्यार्थीहरुको श्रुतिबोध क्षमता '* शीर्षकमा निम्न समस्याहरु रहेका छन् :

(क) कक्षा-७ मा अध्ययनरत विद्यार्थीहरुको क्षमता के कस्तो छ ?

(ख) लैङ्गिक आधारमा छात्र तथा छात्राको श्रुतिबोध क्षमता के कस्तो छ ?

(ग) सामुदायिक र संस्थागत विद्यार्थीहरुको श्रुतिबोध क्षमता के कस्तो छ ?

## अध्ययनको उद्देश्य

(क) कक्षा-७ मा अध्ययनरत विद्यार्थीहरुको श्रुतिबोध क्षमता पत्ता लगाउनु,

(ख) विद्यालयको प्रकृतिका आधारमा संस्थागत तथा सामुदायिक विद्यालयका विद्यार्थीहरुको श्रुतिबोध क्षमताको तुलनात्मक अध्ययन गर्नु,

## अध्ययनको औचित्य/ महत्व

विद्यार्थीहरुमा उनीहरुको तहअनुसार भाषिक विकास हुनुपर्छ । भाषिक सिप अन्तरगत पर्ने चार सिपहरु (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मध्ये सर्वप्रथम विकास हुनुपर्ने सिप नै सुनाइ सिप

हो । भाषा विचार विनिमयको माध्यम तथा सामाजिक र मानवीय वस्तु भएकाले सामाजिक गतिविधिसँग यसको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । विचार विनिमयका लागि पनि सुनाइ सिपको विकास हुनु अति महत्वपूर्ण हुन्छ । यदि श्रुति राम्ररी नभएमा बुझ्न सकिँदैन तसर्थ विद्यार्थीको तहअनुसार उसको भाषिक सिप तथा कलाको विकासका लागि आधारबिन्दु मानिएको श्रुतिबोधको महत्वपूर्ण स्थान रहेकाले यसको अध्ययन गर्ने प्रयास गरिएको छ । 'राम्रोसँग सुने बुझिने र बुझ्न सकेपछि मात्र उत्कृष्ठ अभिव्यक्ति दिन सकिने भएकाले अर्थको अनर्थ नहोस् र व्यक्तिको सोचाइ, बोलाइ तथा काम गराइमा प्रतिकूल असर पर्न नजाओस् भन्नाका लागि सिकाइमा श्रुतिबोधको आवश्यकतालाई औँल्याउन सकिन्छ ।' (शर्मा :०६३ पृ.९९)

भाषिक सिपहरुको संयुक्त विकासका लागि श्रुतिबोध क्षमताको विकास गर्न, आवश्यकताअनुरुप वक्ताको हाउभाउ, अङ्ग सञ्चालन, चेष्टा, लय, आघात जस्ता भाषेत्तर तत्वलाई पनि समावेश गरी अभ्यास गराउन सकिन्छ । विद्यार्थीको रुचि, क्षमतास्तर अनुकूलताका साथै पाठ्यक्रमले तोकेअनुसारका श्रुतिबोध सम्बन्धी उद्देश्य पाठ्यक्रमले तोके अनुसारका श्रुतिबोधसम्बन्धी उद्देश्य पूरा भए वा भएनन् भन्ने जस्ता कुराहरुको जानकारी प्राप्त हुन सक्छ । विद्यार्थीहरुको बोध क्षमतालाई बुझेर पाठ्यक्रम सुधार गर्न शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन, खण्डनात्मक प्रतिक्रिया व्यक्त गर्न, व्याख्या गर्न विश्लेषण गर्न, मूल्याङ्कन गर्न र विवेचना गर्न पनि श्रुतिबोधको महत्वपूर्ण स्थान रहेको पाइन्छ ।

आधारभूत तहको पाठ्यक्रम २०६९ ले "यस तहको अध्ययन पूरा भएपछि विद्यार्थीहरुले पढेका, सुनेका कुराहरुको सारांश भन्न र लेख्न, अभिव्यक्तिहरु सुनेर तिनमा भाग लिन, साहित्यिक विधाका पाठहरु सुनी त्यसका बारेमा प्रतिक्रिया दिन तथा सन्दर्भपूर्वक प्रयोग गर्न सक्षम हुने छन्" भनी उद्देश्य किटान गरेएको छ । यस तहका विद्यार्थीहरुलाई श्रुतिबोधका आधारमा सृजनात्मक एवम् साहित्यिक अभिक्षमताको विकास गर्न मद्दत पुऱ्याउन सकिन्छ । आधारभूत तहको नयाँ नेपाली पाठ्यक्रम २०६९ ले त अझ २५ पूर्णाङ्कको प्रयोगात्मक परीक्षा पनि तोकेको र त्यसमध्ये ५ पूर्णाङ्क सुनाइको लागि राखेबाट अबका दिनमा थोरै भए पनि सुनाइ सिपको विकासमा अझ टेवा पुग्ने देखिन्छ । भाषिक सिपको जगको रुपमा रहेको श्रुतिबोधको कमजोरीले गर्दा भाषा शिक्षणका अन्य सिपमा पर्ने दूरगामी प्रभावले गुणात्मक पक्षको विकासमा पर्ने बाधालाई हटाउन केही हदसम्म भए पनि सम्भव हुने आशा गर्न सकिन्छ ।

## अध्ययनको सीमाङ्कन

'अनुसन्धान' शब्द आफैँमा व्यापक अर्थ बोकेको शब्द हो । जुनसुकै अध्ययन अनुसन्धान व्यापक हुने भएकाले यसको अध्ययन गर्ने क्रममा सीमा नतोकीकन अध्ययन गर्दा अध्ययन ज्यादै व्यापक हुनुका साथै निष्कर्षहरु उद्देश्यबिहीन हुन सक्छन् । समयको अभाव, आर्थिक कठिनाई तथा सामाजिक र भौगोलिक कारणले गर्दा अध्ययनको सम्पूर्ण पक्षलाई समेट्न असम्भव हुने हुँदा यसलाई उद्देश्यमूलक र प्रभावकारी बनाउनका लागि एउटा निश्चित सीमा निर्धारण गर्नु पर्ने हुन्छ । त्यसैले यहाँ पनि प्रस्तुत शीर्षकलाई निम्न क्षेत्रमा सीमित गरिएको छ :

(क) झापा जिल्ला दूधे स्रोतकेन्द्र शिवसताक्षी नगरपालिकाभित्र रहेका ४/४ सामुदायिक र संस्थागत विद्यालयमा मात्र यो अध्ययन सीमित रहने छ ।

(ख) झापा जिल्ला शिवसताक्षी नगरपालिका भित्रका ८ वटा विद्यालयका ४०/४० जना गरी ८० विद्यार्थीहरुमा मात्र यो अध्ययन सीमित रहने छ ।

(ग) उपर्युक्त विद्यालयका कक्षा-७ मा अध्ययनरत विद्यार्थीहरुको श्रुतिबोध क्षमता परीक्षणबाट प्राप्त तथ्याङ्कको विश्लेषणमा मात्र यो अध्ययन गरिने छ ।

(घ) लैङ्गिक र विद्यालय प्रकृतिका आधारमा कक्षा-७ मा अध्ययनरत विद्यार्थीहरुको श्रुतिबोध क्षमताको अध्ययनको सीमाभित्र यो अध्ययन रहने छ ।

## अध्ययनको रुपरेखा

प्रस्तुत अध्ययनलाई निम्नलिखित पाँच परिच्छेदमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

१. पहिलो अध्याय : शोध परिचय

२. दोस्रो अध्याय : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रुपरेखा

३. तेस्रो अध्याय : अनुसन्धान विधि

४. चौथो अध्याय : व्याख्या र विश्लेषण

५. पाँचौं अध्याय : उपसंहार

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

## अध्याय : दुई

## पूर्व कार्यको समीक्षा र सैद्धान्तिक रूपरेखा

### पूर्वकार्यको समीक्षा

गौतम, राम प्रसाद (२०६५) *'नेपाली भाषा र साहित्य शिक्षण'* नामक पुस्तकमा भाषा शिक्षणका विभिन्न शीर्षकमा चर्चा गर्ने क्रममा श्रुतिबोध शिक्षण चर्चा भएकाले त्यसमा विद्यार्थीहरुमा निम्न कुरामा दक्ष बनाउन श्रुतिबोध शिक्षण गरिने कुरा उल्लेख छ :

(क) सुन्ने र बुझ्ने क्षमताको विकास गर्न

(ख) मौखिक भाषिक कार्यकलापमा सक्षम बनाउन

(ग) शब्द, ध्वनिहरुको आशय बुझी त्यसको व्याख्या गर्न

(घ) सुनेका आधारमा सङ्क्षेपीकरण तथा विस्तृतीकरण गर्न आदि ।

यसका लागि वादविवाद, छलफल, श्रुतिबोध, रेडियो श्रवण आदि जस्ता क्रियाकलाप गराउन सकेमा श्रुतिबोध शिक्षण प्रभावकारी हुने, यसका माध्यमबाट पहिलो तथा दोस्रो दुवै भाषीलाई फाइदा पुग्ने कुरा उल्लेख गरिएको पाइन्छ ।

खत्री (२०६५) ले *'कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको श्रुतिबोध क्षमताको अध्ययन'* शीर्षकमा पूरा गरेको शोधकार्यको उद्देश्य कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको श्रुतिबोध क्षमता पहिल्याउनु, विद्यार्थीहरुको क्षमतामा लैङ्गिक, भाषिक र पृष्ठभूमिले पार्ने प्रभाव पत्ता लगाउनु रहेको थियो । यस अध्ययनमा प्रतिनिपधि नमुनाका रुपमा झापा जिल्लाका छ वटा विद्यालयका १२० जना विद्यार्थीलाई लिइएको थियो । ६० मिनेट समयावधि तोकी लिखित माध्यमबाट लिइएको परीक्षाको समग्र अध्ययनका आधारमा कक्षा ८ मा अध्ययनरत विद्यार्थीको श्रुतिबोध क्षमता सन्तोषजनक रहेको निष्कर्ष निकालिएको थियो ।

अनुसन्धानका नमुना छनोट, पूर्व परीक्षण, परीक्षण, मूल्याङ्कन, विश्लेषण आदि प्रक्रिया अपनाएर अनुसन्धान गरेको पाइए तापनि यसमा के कस्ता प्रश्नहरु कहाँबाट निर्माण गरियो ? आदिजस्ता प्रश्नहरु अनुत्तरित छन् । यी यस्ता कमीकमजोरीका बाबजुद आफ्नो शोध कार्यसँग प्रत्यक्ष सम्बन्ध राख्ने यो शोध कार्य आगामी दिनमा शोध कार्य गर्न चाहने शोधार्थीका लागि प्रभावकारी मार्गदर्शक बन्न सक्छ ।

वस्ती(२०५२)द्वारा अङ्ग्रेजी भाषामा *लिस्निङ टाक्स टु द फस्ट इयर प्रोफिसियन्स सर्टिफिकेट स्टुडेन्ट अफ त्रिभुवन युनिभर्सिटी* शीर्षकमा पी.एच.डी.प्रयोजनार्थ शोध कार्य पूरा गरेको पाइन्छ । यस अध्ययनको उद्‌देश्य विद्‌यार्थीहरुमा श्रुतिबोधको कमजोरीले गर्दा हुने त्रुटिहरु पत्ता लगाउनु रहेको थियो । यस अध्ययनमा विद्‌यार्थीहरुको समूहलाई श्रुतिबोध क्षमता पत्ता लगाउन पाँच वटा बहुवैकल्पिक प्रश्नहरु विद्‌यार्थीहरुलाई सोधी तिनीहरुले दिएको उत्तरको रेकर्डको आधारमा त्रुटिको अध्ययन गरिएको थियो । यस अध्ययनको निष्कर्षमा सामुदायिक विद्‌यालयका विद्‌यार्थीहरुको श्रुतिबोध क्षमता राम्रो भएको निकालिएको थियो । यो शोध कार्य आगामी दिनमा श्रुतिबोधसम्बन्धी शोध कार्य गर्न चाहने शोधार्थीलाई मार्गदर्शक बन्न सक्ने छ ।

पोखेल, (२०६४) द्वारा *'कक्षा ६ मा अध्ययनरत विद्‌यार्थीहरुको श्रुतिबोध क्षमताको अध्ययन'* शीर्षकमा पूरा गरेको शोध कार्यको उद्‌देश्य कक्षा ६ मा अध्ययनरत विद्‌यार्थीहरुको श्रुतिबोध क्षमता पत्ता लगाई भाषिक, लैङ्गिक,स्थानीयता,विद्‌यालय प्रकृति आदिका आधारमा तुलनात्मक स्थिति पत्ता लगाउनु रहेको थियो । यस अध्ययनको उद्‌देश्य पूरा गर्नका लागि विद्‌यार्थीहरुलाई खाली ठाउँ भर्ने,बहुबैकल्पिक र बोध प्रश्नहरु दिई व्याख्या विष्लेषण गरी निष्कर्ष निकाल्ने कार्य गरिएको थियो । संस्थागत भन्दा सामुदायिक,सहर भन्दा गाउँ, छात्र भन्दा छात्रा,विमातृभाषी भन्दा मातृभाषी विद्‌यार्थीको श्रुतिबोध क्षमता राम्रो भएको निष्कर्ष निकलिएको यो शोध पत्रले आगामी दिनमा शोध कार्य गर्न चाहनेका लागि प्रशस्त मार्गदर्शन प्रदान गर्न सक्ने देखिन्छ ।

## अध्ययनमा पूर्व कार्यको उपयोगिता

पूर्व कार्यको समीक्षाबाट अगाडि भएका कार्यहरुको समीक्षा गर्दै अगाडि बढ्न मद्‌दत मिल्छ । पूर्व कार्यहरुमा श्रुतिबोधको अध्ययन गर्दा प्रतिनिधि नमुना छनोट गरी विद्‌यार्थीहरुमा क्षमता जाँच्ने विविध उपाय अपनाइएको थियो जसबाट शोधकार्य गर्न चाहने आगामी शोध कर्ताका लागि उपयोगी साधन बन्न पुगेको छ । शोध कार्यको उद्‌देश्य पूरा गर्नका लागि विविध सामग्री सङ्कलन गर्नेदेखि लिएर व्याख्या विश्लेषण गरी निष्कर्ष निकाल्नेसम्मको कार्य गर्न पूर्वकार्यको समीक्षा अत्यन्त उपयोगी बन्न पुगेको छ । अगाडिका शोध कार्यहरुमा प्रश्नावली बनाइएको पाइएन, विद्‌यार्थीको तस्वीर लिएको पाइएन, यस शोध कार्यमा प्रश्नावली निर्माण गरी श्रुति गराई तस्वीर लिने कार्य पनि गरियो ।

## सैद्धान्तिक रुपरेखा

१. पाठ्यपुस्तक छनोट - कक्षा सातको नेपाली

२. क्षेत्र निर्धारण - दृष्टांश अनुच्छेद, सांस्कृतिक पर्व छठ

३. शोध क्षेत्रको निर्धारण - श्रुति गरी खाली ठाउँ भर्ने, बहुवैकल्पिक र बोध प्रश्नको उत्तर दिने प्रश्न

**बोधका प्रकार**

**श्रुतिबोध**

श्रवणकलाको प्रमुख अङ्गको रुपमा रहेको श्रुतिबोधले मौखिक अभिव्यक्तिलाई सुनेर बुझ्ने वा बोध गर्ने पक्षसँग प्रत्यक्ष सम्बन्ध राख्दछ । बालकको जन्मसँग उसको भाषिक पृष्ठभूमि श्रुतिबाट सुरु हुने भएकाले श्रुतिबोधलाई भाषा सिकाइको प्रारम्भिक चरणको रुपमा लिन सकिन्छ । स्रोताले जानेका कुरामा भर पर्ने श्रुतिबोध अज्ञान व्यक्तिले ग्रहण गर्न सक्दैन । जब प्रवीणता स्रोताले आन्तरिक प्रणालीमा परिणत गर्दछ तब मात्र श्रुतिबोधले अभिव्यक्ति क्षमताको विकास गर्छ । भाषिक व्यवहारलाई क्रमशः स्तरीय, शिष्ट र मानव स्वरुप दिँदै जान श्रुतिबोध सरल, सहज, व्यावहारिक र सर्वसुलभ उपाय मान्न सकिन्छ । विभिन्न प्रकारका ध्वनिहरुलाई पहिल्याई तिनीहरुबीचमा रहेको भिन्नता थाहा पाउन श्रुतिबोधको उपयोग गर्न सकिन्छ । भाषाका सिपमध्ये बोलाइ, पढाइ र लेखाइमा रहेका कमजोरी निराकरणको राम्रो उपाय भनेकै श्रुतिबोध हो । व्यक्तिको सोचाइ, बोलाइ अझ लेखाइमा समेत पर्ने नकारात्मक असरलाई हटाउने राम्रो उपाय बन्न जान्छ श्रुतिबोध ।

प्रत्यक्ष प्रभावको कुरा गर्दा विद्यार्थीको स्तर, पाठ्य सामग्रीको उपयुक्तता, औपचारिक तथा अनौपचारिक वातावरणले पनि श्रुतिबोध प्रभाव पार्दछ । सुनाइ सिप हासिल गर्नका लागि सिकारुले ध्वनि, वर्ण र रुपगठनसँग परिचित हुनु जरुरी हुन्छ । 'वक्ता सामुन्ने भएमा श्रुतिबोध सरल र सहज हुन्छ भने यान्त्रिक उपकरणद्वारा अभिव्यक्त विचार बुझ्न गाह्रो पर्छ (ढकाल, ०६३ पृ. १४०) । कुनै पनि घटनालाई वक्ताले अभिव्यक्त गर्दा मुख्य विषयवस्तु बुझ्नमा अर्थको अनर्थ नहोस्, अनावश्यक रुपमा एउटै कुरा नदोहोरियोस् जसको कारणले सिकारुको सोचाइ र बोलाइमा प्रतिकूल अवस्था सिर्जना नहोस् भन्ने अवधारणालाई आत्मसात गरेको श्रुतिबोधको श्रुति तथ्यप्रति समर्थन गर्ने वा खण्डन गर्ने तथा व्याख्या, विश्लेषण गर्ने कार्यमा महत्वपूर्ण स्थान रहेको छ ।

श्रुतिबोधले विविध ढङ्ग र प्रकृतिका ग्रंहण र अभिव्यक्ति क्षमता हासिल गरेर श्रवणकलाको विकास गरी व्यक्तित्व विकास गर्ने कार्यमा मार्गनिर्देशन गर्न अहम् भूमिका निर्वाह गरेको हुन्छ ।

**श्रुतिबोधको महत्व**

कुनै पनि अभिव्यक्ति बोध गर्न यसको विचारसँग सम्बन्धित पूर्वानुभवसमेत बुझ्ने व्यक्तिमा कम्ति भए पनि हुन आवश्यक मानिन्छ । अपरिचित विषयवस्तु भएमा त्यसको बोध क्षमतामा कमी आउँछ । अभिव्यक्तिको पूर्व सर्तका रुपमा रहेको श्रुतिबोध बोध पक्षसँग सम्बन्धित छ । यसको प्रक्रिया अनुसार कुनै पनि घटना ध्यानपूर्वक सुन्ने, श्रृङ्खलाबद्धरुपले सुनेको कुरा बुझ्ने, सोच्ने र स्मरण गर्ने कार्यहरु पर्दछन् । भाषिक सीपहरुको विकास गरी अभिव्यक्तिमा जोड दिने श्रुतिबोधको भाषा शिक्षणमा महत्वपूर्ण स्थान रहेको छ । श्रुतिबोधको प्रयोजन औपचारिक तथा अनौपचारिक रुपमा साामान्यभन्दा सामान्य व्यवहारदेखि लिएर विशिष्ठ पक्षको ज्ञान हासिल गर्ने कार्यमा गर्न सकिन्छ । भाषाको सानो इकाइ सङ्कथनसम्म बोधको आवश्यकता पर्दछ । श्रुतिबोधमा कमजोर विद्यार्थीहरुका लागि भाषाका अन्य सीप ग्रहणमा बाधा उत्पन्न हुन्छ । वार्तालापको माध्यम भाषा भएकाले वक्ताका बीचमा भएको कुराकानीलाई ध्यानपूर्वक सुनेर त्यसको जवाफ दिनसक्ने क्षमताको विकास गर्नका लागि पनि श्रुतिबोधको आवश्यकता पर्दछ । भाषिक अभिव्यक्तिमा आउने विविधतालाई बुझी त्यस घटनाको भाव, विचार, आशयका माध्यमबाट मनोरञ्जन लिन उपयोग गरिने श्रुतिबोधको उपलब्धिको रुपमा देखेको, सुनेको र पढेको कुरा उपयुक्त हाउभाउ, चेष्टा, अभिनय आदिको ख्याल गरी सुन्न र बुझ्न सक्नुलाई लिन सकिन्छ ।


साहित्यिक अभिक्षमता हासिल गराई कथ्य एवम् लेख्य अभिव्यक्तिको परिष्कार गर्न श्रुतिको माध्यम महत्वपूर्ण हुन्छ । यसका अलावा यान्त्रिक सामग्रीको माध्यमबाट व्यक्त गरिएका विषयवस्तु र घटनालाई सुनेर बुझ्न सक्ने सिप श्रुतिबोधबाट आर्जन गर्न सकिन्छ । भाषाका विविध क्षेत्रमा शिक्षाविद्, पाठ्यक्रम निर्माता, शीकारु सबैका लागि उच्चस्तरको श्रुतिबोध विकासको आवश्यकता पर्दछ । स्तर र रुचिलाई ध्यान दिन श्रुतिबोध क्षमताको ज्ञान हुनुपर्छ । बोध क्षमताको आधारमा कक्षाकोठामा अपनाइने शिक्षणविधि, उपयोग गरिने पाठ्यसामग्रीको उपयुक्त प्रयोग गर्न श्रुतिबोधको अझ बढी महत्व रहेको छ । भाषाका सीप सिकाइका लागि उपयुक्त वातावरण सिर्जना गर्न, कार्य दक्षताको मूल्याङ्कन गर्न र सिकारुको आन्तरिक क्षमताको विकास गर्न श्रुतिबोधको सहयोग लिन सकिन्छ ।

श्रुतिबोधले सरल र सहज उपायका आधारमा ज्ञान प्राप्त गर्न जोड दिन्छ । सिकारुको स्तर हेरी विषयगत, शब्द भण्डारगत, वाक्यगत, शैलीगत र प्रस्तुतीकरणगत विविधताबाट परिचित गराउँछ । व्यक्तिगत, सामाजिक र व्यावहारिक आवश्यकताको सहज आपूर्तिका निमित्त, श्रुतिबोधको अति महत्वपूर्ण स्थान पाउन सकिन्छ ।

**श्रुतिबोधका कार्यकलापहरु**

श्रुतिबोधका निमित्त अपनाइने कार्यकलापहरुलाई सिकारुको तहका आधारमा वर्गीकरण गर्न सकिन्छ । त्यसैगरी श्रोताको पूर्वज्ञानको पृष्ठभूमिका आधारमा पनि श्रुतिबोधका कार्यकलापको छनोट गर्न सकिन्छ । समग्रमा भन्नुपर्दा श्रुतिबोध शिक्षणका कार्यकलापहरुलाई निम्नानुसार उल्लेख गरिएको पाइएको छ गौतम,राम प्रसाद (२०६३) ।

**डायग्राम**




माथि रेखाचित्रमा दिएका कार्यकलापहरु उपयोग गर्न सिकारुको स्तरीयताका आधारमा प्रारम्भिक चरणबाट सुरु गर्नुपर्ने हुन्छ । भाषाका सबैभन्दा सानो एकाइ ध्वनि विभेदीकरणको माध्यमबाट श्रुतिमा विविधता उत्पन्न हुने भएकाले परिचित र अपरिचित तथा टाढा र नजिकको ध्वनिलाई एकअर्कासँग अलग्याएर बुझ्न ध्वनि पहिचानको अभ्यास गराउन आवश्यक हुन्छ । ध्वनि विभेदले गर्दा श्रुतिबोधमा अर्थको अनर्थ हुने भएकाले नेपाली दोस्रो भाषी सिकारुको श्रुतिबोधका लागि ध्वनि विभेदीकरण प्रारम्भिक बिन्दु मान्न सकिन्छ ।

कार्यकलाप सञ्चालनक्रममा लेख्य भाषाको लघुत्तम एकाइको बोधचाहिँ वर्ण विभेदीकरणअन्तगर पर्दछ । श्रुति गराइएको पाठ्यसामग्रीको वर्ण-वर्णबीचको अन्तर ठम्याउन नसक्दा अर्थ र अभिप्रायमा व्यापक भिन्नता आउन सक्छ, त्यसैले वर्ण विभेदीकरणको अभ्यासको निम्ति लघुत्तम जोडाको सहयोग लिनुपर्दछ । त्यसपछि यी वर्ण जोडीहरु र शब्द जोडीहरु

विद्‌यार्थीलाई सुनाएर वर्णमा पाइने भिन्नता छुट्‌याउन वा सोअनुरुप उच्चारण गर्न लगाउनुपर्छ जस्तैः ताप-टाप, तोप-टोप, भाँडा-भाडा आदि ।

श्रुतिबोधमा सिकारुको अनुभव एवम्‌ ज्ञानको स्तरअनुसार सिकारुको उत्सुकता र सुन्ने प्रवृत्तिका आधारमा एउटै संरचनात्मक स्वरुप भएका वाक्य स्वरको आरोह अवरोहमा भिन्नता आउँदा अर्थमा भिन्नता आउने स्थिति निराकरण गर्न वाक्यविभेदीकरणको अभ्यास जरुरत पर्दछ । वाक्यविभेदीकरणको कार्यकलापबाट व्याकरणगत प्रभावअनुसार शुद्‌धतामा बृद्‌धि गर्न सकिन्छ । उस्तै जस्ता लाग्ने तर असमान खालका वाक्यहरु सुनाई तिनमा पाइने अर्थगत र आशयगत भिन्नता पहिचान गर्न पनि यो कार्यकलाप उपयोगी देखिन्छ । जस्तैः काम भयो । काम भएछ । काम होला । हरि पढ्छन्‌ । हरि पढ्छ । आदिजस्ता वाक्यहरु सुनाएर तिनमा पाइने अर्थगत र आशयगत भिन्नता पहिचान गर्न पनि वाक्यविभेदीकरणको कार्यकलाप उपयोगी मानिन्छ ।

श्रुतिबोधको परिस्कृत तहको रुपमा श्रुतिलेखलाई लिइन्छ । सुनेर बोध मात्र नगरी त्यसलाई लेख्य अभिव्यक्तिका माध्यमबाट शुद्‌ध र स्पष्ट उच्चारण गरिएका शब्द, पदावली, वाक्यांश र वाक्यलाई उपयुक्त विन्यास गर्ने कार्य हो । तल्ला तहका भन्दा माथिल्ला तहका सिकारुमा उपयोग गर्न उपयोगी मानिने श्रुतिलेखको कार्यकलापबाट विद्‌यार्थीहरुमा ध्यान दिएर सुन्ने बानीको विकासका साथै वर्ण र वाक्यहरु पहिचान गर्ने क्षमताको विकास हुन्छ । हिज्जे सम्बन्धी अभ्यास पनि गराउन सकिने श्रुतिलेखबाट स्रोताको श्रवण गरेको पाठ्य सामग्रीको स्पष्ट उच्चारण र वाक्यलाई विन्यास गर्ने क्षमताको मूल्याङ्‌कन गर्न सकिन्छ ।

कुनै पनि प्रसङ्‌ग वा घटना एक पटक मात्र सुनेपछि सम्झनाका आधारमा लेख्न अभ्यास गराउने कार्यकलाप श्रुतिरचना हो । सिर्जनात्मक पक्षको विकास गर्न श्रुति गरेको पाठ्य सामग्रीलाई आफ्नो मौलिकपनमा विश्लेषणात्मक रचना गर्न सुन र गर क्रियाकलापको सहयोग लिन सकिन्छ । विशेष गरी उच्च तहमा यस किसिमको क्रियाकलापले सिकारुको आत्मबल र बौद्‌धिक क्षमतामा विकास भई श्रुतिबोध क्षमतामा अपेक्षाकृत बृद्‌धि हुन्छ । श्रवण गराइएको सामग्रीबाट उपयुक्त किसिमको बुँदाहरुको छनोट गरी टिपोट गर्न दिएमा उच्चस्तरको श्रुतिबोध क्षमतामा विकास गर्न सकिन्छ । टिपोट गर्दा मुख्य बुँदाहरु नछुटाइकन साराशंमा त्यसको प्रभाव प्राप्त गराउने कुरामा विशेष ख्याल राख्नुपर्छ ।

अरुले सुनाएका र व्याख्या गरेका कुराहरु सुनेका आधारमा मुख्य बुँदा टिप्दै महत्वपूर्ण अंशहरु केलाएर लेख्न सक्ने, मुख्य कुरा बुझ्न सक्ने क्षमताको विकासका लगिा बुँदा टिपोटको

कार्यकलापलाई प्रयोगमाा ल्याइन्छ । शिक्षक आफूले कुनै पाठ्य सामग्री सुनाएर विद्यार्थीहरुलाई बुँदा टिप्न र टिपेका कुरा प्रस्तुत गर्न लगाई शिक्षकले आवश्यक टिप्पणीसमेत गरिदिनुपर्छ ।

श्रुतिबोधको विकासका लागि विवादास्पद कुरा सुनाएर पनि कार्यकलाप गराउन सकिन्छ । यसका लागि विद्यार्थीलाई उपयुक्त वा अनुपयुक्त कुरा सुनाएर त्यसमा उनीहरुको सहमति वा असहमति के छ त्यस सम्बन्धमा आआफ्नो तर्क दिन टिकाटिप्पणी गर्न लगाइन्छ । यसबाट विद्यार्थीहरुमा अरुका कुरा सुनेर खण्डन गर्न सक्ने क्षमताको विकास गराउन सकिन्छ । यसखालको कार्यकलापबाट विद्यार्थीमाा स्वयम् विवादास्पद कुरा छुट्याउन सक्ने क्षमताको विकास हुन्छ ।

**श्रुतिबोधमा प्रभाव पार्ने तत्वहरु**

श्रुतिबोध एक सक्रिय प्रक्रिया भएकाले प्रवीण स्रोताले मात्र आन्तरिक प्रणालीबाट सुनेको कुराहरुलाई बोधमा परिणत गर्न सक्छ । कुनै पनि स्रोताले वास्तविक संसारमा सुनेको र बोलेको कुरा बोध गर्न सकेको खण्डमा अभिव्यक्ति क्षमताको विकास हुन्छ । श्रुति प्रक्रिया बोध क्षमतासम्म ल्याउन प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा प्रभाव पार्ने तत्वहरुलाई निम्नानुसार देखाउन सकिन्छ ।

**(क) वक्ताको अभिव्यक्ति**

कथ्य पाठ्यसामग्रीको माध्यमबाट ग्रहण गर्ने सीप श्रुतिबोध भएकाले अभिव्यक्ति स्पष्ट नभएमा स्रोताले श्रुति गर्न नसकी श्रुतिबोध हुँदैन । वक्ताको बोलीमा अशुद्धता भएमा, रोकिएर वा अड्किएर बोल्ने भएमा र अति छिटो वा ढिलो अभिव्यक्ति भएमा विषयवस्तुको सन्दर्भ टुट्न गई श्रुतिबोधमा बाधा पैदा हुन्छ । बोलीमा भावानुकूल आरोह अवरोह र लयात्मकतामा बढी ध्यान दिनु पर्छ । छिटो वा ढिलो कस्तो अभिव्यक्ति दिने भन्ने कुरा स्रोताको स्तरमा भर पर्छ । भाषामा वाक्यलाई अनावश्यक रुपमा नदोहोर्याई विषयवस्तुको प्रस्तुतीकरणमा पुर्वापर क्रम मिलाउनु पर्छ । स्रोताले ध्यानपूर्वक सुन्न सकोस् भन्ने हेतुले वक्ता मृदुभाषी हुनुपर्छ । बीचबीचमा प्रसङ्गअनुरुप स्पष्टीकरण दिँदै अभिव्यक्ति दिनुपर्छ । वक्ताको प्रस्तुतीकरणमा सक्षम, आत्मविश्वास र भयरहित भाव झल्किन दिनुपर्छ ।

**(ख) स्रोताको श्रुतिबोध क्षमता**

कहिलेकाहिँ स्रोतामा नै कमजोरी रहेमा पनि वक्ताको अभिव्यक्ति स्रोताले ग्रहण गर्न सक्दैनन् । यदि स्रोताको कानको स्थिति ठीक नभएमा वा खराब भएमा श्रुतिबोध सम्भव नहुने, त्यस्तै मानसिक अवस्था स्वस्थ नभएको खण्डमा स्रोताले श्रुतिबोध क्षमता हासिल गर्न सक्दैन ।

श्रव्य सामग्री निर्माण गर्दा स्रोताको भाषिक पृष्ठभूमिलाई परीचित वा अपरिचित कस्तो अवस्था छ सोलाई पनि ख्याल राखी निर्माण गर्नुपर्दछ । श्रुतिबोध क्षमतामा प्रतिकूल प्रभाव नपरोस् भन्नाका लागि वक्ता र स्रोताको सामाजिक, सांस्कृतिक, धार्मिक, राजनीतिक आदिको तालमेल पनि मिलाउन जरुरी छ । त्यस्तै गरी श्रुति गरिने विषयवस्तुमा स्तर, कक्षा, उमेर र तहअनुकूलजस्ता कुराहरुको तालमेल पनि मिल्नु जरुरी हुन्छ ।

### (ग) वातावरण

जुनसुकै काममा पनि उचित वातावरणले उद्वेश्य हासिल गर्न मद्दत पुग्ने हुन्छ, अझ शिक्षा जस्तो गहन विषयको बोधगम्यताका लागि त वातावरण अनुकूल हुन अझ आवश्यक मानिन्छ । विद्यार्थीको सङ्ख्या, बसाइको व्यवस्था, विषयवस्तुको स्वरुप आदिलाई अनुकूल बनाई श्रुतिबोधका लागि सहज, स्वतन्त्र र उत्प्रेरक वातावरणको निर्माण गर्न सकिन्छ । सीमित सङ्ख्यामा विद्यार्थी हुनु, स्वर आवश्यकता अनुसार ठूलो सानो हुनु, विद्यार्थीमा जिज्ञासा र एकाग्रता हुनु श्रुतिबोधका लागि उपयुक्त वातावरण मानिन्छन् । श्रुतिको समयमा अनियन्त्रित एवम् अशान्त वातावरण सिर्जना भएमा स्रोताको ध्यान केन्द्रित नहुन गई अपेक्षाकृत श्रुतिबोध हुन सक्दैन । वक्ताले अभिव्यक्त गरेको कुरा अनुकूल वातावरण भएमा मात्र स्रोता सम्म आइपुग्ने भएकाले माध्ययममा बाधा हुँदा श्रुतिबोध क्षमतामा प्रत्यक्ष असर पर्न जान्छ त्यसकारण श्रुतिबोधको औचित्य, आवश्यकता, महत्वलाई कायम राख्न स्वच्छ एवम् शान्त वातावरणको सृजना गर्नु अपरिहार्य छ ।

### (घ) विषयवस्तु र यान्त्रिक उपकरण

श्रुतिबोध हुनका लागि वक्ता र स्रोताको तालमेलका साथसाथै त्यसमा समावेश गरिएको विषयवस्तुको पनि उतिकै ठूलो भूमिका हुन्छ । स्रोताको उमेर, कक्षा र तहअनुसार साथै अत्यन्त जटिल वा अत्यन्त सजिलो नभई स्रोताको रुचिपूर्ण र स्तरयुक्त विषयवस्तुको छनोट गरिनु पर्छ । यस्तै विषयवस्तु छनोट गर्दा पद्यभन्दा गद्य, भावुकभन्दा संज्ञानात्मक तथा काल्पनिकभन्दा तथ्यपरक प्रकृतिका सामग्रीहरु नै श्रुतिबोध अधययनका लागि उपयुक्त मानिन्छन । यसै गरी एउटै विषयक्षेत्रमा मात्र सीमित नरही विविधतामूलक विषयक्षेत्र (सामाजिक शास्त्र, भाषा, साहित्य, दर्शन, मनोविज्ञान, चिकित्सा, कृषि आदि) सँग सम्बन्धित भएमा श्रुतिबोध राम्रो र रुचिपूर्ण हुन जान्छ ।

वक्ताको अनुपस्थितिमा यान्त्रिक उपकरणको सहायताले पनि अभिव्यक्ति श्रुति गराउन सकिन्छ । सञ्चारका साधनहरु श्रव्य र श्रव्यदृश्य हुन्छन् । उपकरणहरु ज्यादै ठूलो वा ज्यादै सानो जुन अवस्थामा खोलिए पनि श्रुतिबोधमा बाधा उत्पन्न हुने भएकाले यान्त्रिक उपकरण प्रयोग गर्ने

हो भने सो उपकरण स्तरीय स्पष्ट आवाज भएको र प्रदुषणरहित हुनुपर्दछ ।स्रोताको सङ्ख्या र ध्वनि प्रसारणमा सन्तुलन कायम गर्न सकिएको खण्डमा अपेक्षाअनुसारको श्रुतिबोध गर्न सकिन्छ ।

**निम्न माध्यमिक (आधारभूत) तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रममा निर्दिष्ट श्रुतिबोध सम्बन्धि उद्देश्यको विश्लेषण**

हरेक देशले आफ्नो देशको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक आदिका आधारमा शिक्षाका उद्वेश्यहरु तय गरेको हुन्छ । आफ्नो देशमा आवश्यक जनशक्ति उत्पादनका लागि समसामयिक आवश्यकता र आफ्नो क्षमतालाई समेत ध्यानमा राख्दै सम्पूर्ण रुपमा शिक्षाका राष्ट्रिय उद्देश्यहरु तयार गरिएका हुन्छन् ।

पाठ्यक्रमले शिक्षाको राष्ट्रिय उद्देश्य पूरा गर्नका लागि तहगत, कक्षागत र विषयगत उद्देश्यहरु निर्धारण गरेको हुन्छ । व्यक्तिको आधारशिला भनेकै शिक्षा हो, जसको उद्देश्य नै व्यक्ति, समाज र राष्ट्रको निर्माण गर्ने रहेको हुन्छ । यदि शिक्षाको राष्ट्रिय उद्देश्य निर्माणमा राम्रो ख्याल राख्न सकिएन भने त्यसले पार्ने असर दूरगामी हुन गई समाज र राष्ट्र निर्माणमा बाधा उत्पन्न हुन जान्छ ।

हरेक राष्ट्रले राष्ट्रिय उद्देश्य किटान गर्दा देश, समाज र व्यक्तिको आवश्यकताअनुसार किटान गर्नु पर्दछ र त्यसैको जगमा ती उद्देश्यहरु पूरा गर्न तहगत उद्देश्य र तहगत उद्देश्यलाई पूरा गर्न विभिन्न विषयलाई माध्यम बनाइएको हुन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारुपले निम्न माध्यमिक तहलाई आधारभूत तह मानेको छ । जसअनुसार आधारभूत तहको शिक्षाको तहगत उद्देश्य निम्न प्रकार प्रस्तुत गरेको छ :

राष्ट्र र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र सम्बर्द्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने,सामाजिक र प्राकृतिक वातावरण प्रति सचेत भई मानवीय मूल्य र मान्यता अनुकूल व्यवहार गर्ने, आफ्ना विचारहरु आदानप्रदान गर्ने सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान नागरिक उत्पादन गर्नु हो ।

आधारभूत तहको पाठ्यक्रममा नेपाली भाषा पाठ्यक्रमका उद्देश्यहरुलाई निम्नानुसार राखिएको पाइन्छ :

१. मौखिक, लिखित एवम् सञ्चारमाध्यमका विषयवस्तुको सुनाइ र पढाइ गर्न

२. प्रचलित विधागत एवम् सञ्चारमाध्यमका विषयवस्तुको सुनाइ र पढाइ गर्न

३. सिकेका कुरा विभिन्न माध्यमबाट अभिव्यक्ति दिन

४. वैयक्तिक र सामाजिक उद्देश्य परिपूर्तिका लागि विविध ढाँचा र शैलीको लेखन कार्य गर्न

५. भाषिक विविधता पहिचानसहित परिस्थिति र सन्दर्भ अनुकूलको अभिव्यक्ति दिन

६. अन्तरभाषिक तथा सांस्कृतिक विशेषताअनुरुप शिष्ट भाषाशैलीको प्रयोग गर्न

७. सञ्चार शिल्प र सिकाइका लागि भाषाको प्रयोग गर्न

८. निर्देशित तथा स्वतन्त्र रचनाको प्रस्तुति गर्न

९. नेपाली भाषाका भाषिक विशेषताहरुप्रति सचेतता र तदनुरुपको प्रयोग गर्न

१०. दैनिक व्यवहारमा आत्मविश्वासका साथ भाषाको प्रयोग गर्न,

११. विचारको अभिव्यक्तिमा स्पष्टता तथा विश्लेषणात्मक प्रतिक्रिया दिन

१२. योजना, सोधखोज, विश्लेषण, मूल्याङ्कनका आधारमा धारणा निर्माण गर्न

१३. प्रभावकारी सिकाइ, रचनात्मक सोच तथा प्रत्यक्ष सम्पर्कबाट विचारहरुको सिर्जना र समस्या समाधान गर्न ।

निम्न माध्यमिक (आधारभूत) तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रम २०६९ मा बोध अन्तर्गत सुनाइ र पढाइसँग सम्बन्धित साधारण उद्देश्यहरु निर्धारण गरिएको पाइन्छ । भाषा शिक्षणको प्रमुख आधारबिन्दुको रुपमा रहेको सुनाइ सीप बोध पक्षसँग सम्बन्धित भएकाले यसको विकासका लागि सुनाइ र बोलाइमा जोड दिनुपर्ने हुन्छ । शोधको विषय *'कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरुको श्रुतिबोध क्षमता '* भएकाले सुनाइ सिपसँग सम्बन्धित उद्देश्यहरु उल्लेखत गरिएका छन् ।

**श्रुतिबोधका उद्देश्यहरु**

१. विभिन्न प्रकारका ध्वनिहरुको भिन्नता पहिल्याउन

२. अरुले भनेका कुरा ध्यानपूर्वक सुन्न

३. कविता, गीत, कथा सुनी आनन्द लिन

४. पाठमा प्रयुक्त शब्दहरुको आशय बुझ्न

५. विभिन्न विधाका पाठहरुबाट शब्दहरुको बृद्धि गर्न

६. स-साना कुराकानी, संवाद, प्रश्नोत्तर आदि सुन्न

७. मौखिक अभिव्यक्तिहरु सुन्ने क्रममा प्रयुक्त हाउभाउ र अभिनयमा ध्यान दिन

८. वक्ताको अभिव्यक्ति सुनी भाषिक मौलिकता पहिचान गर्न

९. विभिन्न स्रोतका सामग्रीहरुबाट शब्द भण्डार बढाउन ।

निम्नमाध्यमिक (आधारभूत) तहको नेपाली भाषा पाठ्यक्रममा आधारभूत सिपको रुपमा सुनाइ र बोलाइलाई सुरुका कक्षाहरुमा र जति कक्षा बढ्छ उति पढाइ र लेखाइलाई उत्तिकै महत्व दिनुपर्ने हुन्छ । एकीकृत किसिमका हुने भाषिक सिपहरु सिकाउँदा अलग-अलग समयमा नसिकाइने हुँदा सुनाइसँग बोलाइको घनिष्टता रहेको हुन्छ । साथ साथै सुनाइसँग पढाइ, लेखाइ र बोलाइको अन्तरसम्बन्ध हुन्छ ।

निचोडमा कुनै न कुनै रुपमा हरेक सिप एकआपसमा आबद्ध हुने भएकाले भाषिक सिपहरुलाई एउटै समयमा सँगसँगै आबद्ध गराएर लैजानुपर्छ भन्न सकिन्छ ।

**श्रुतिबोध क्षमता अध्ययनका आधारहरु**

**श्रुतिबोध क्षमताको अध्ययन गर्नका लागि अपनाइएका आधारहरु निम्नानुसार छन् :**

क. अनुच्छेद वाचन

ख. प्रश्नावली निर्माण र वितरण

ग. उत्तरपुस्तिका सङ्कलन र परीक्षण

# अध्याय : तीन

## अनुसन्धान विधि

अनुसन्धान एक औपचारिक र व्यवस्थित खोजी कार्य भएकाले यसमा सोही अनुसन्धान विषयसँग सम्बन्धित विधिको उपयोग हुन्छ । यसरी अध्ययन अनुसनधान गर्न एक जटिल कार्य मानिन्छ । यो प्रक्रिया औपचारिक र वैज्ञानिक हुन्छ । यसबाट कुनै सिद्धान्तको खोजी गर्ने प्रयास गरिएको हुन्छ । यसमा व्यवस्थित, वस्तुनिष्ठ र तथ्यपरक विश्लेषण हुने भएकाले अनुसन्धान कार्य कसरी  गरिएको छ भनी प्रष्ट्याउने क्रममा अनुसन्धान विधिको विवरण महत्वपूर्ण विषय हो । यसको अध्ययनको लागि विविध अध्ययन विधिहरुको प्रयोग गरिन्छ । यस अन्तर्गत सामग्रीको स्रोत, सामग्री सङ्कलन गर्ने उपकरण, सामग्री सङ्कलन गर्ने प्रकृयाहरु पर्दछन् । कुनै पनि अध्ययन गर्दा सुरुदेखि अन्त्यसम्म अपनाइने विधिहरुको पूर्ण योजनाको रुपमा व्यवस्थित गरिनु पर्छ अनि मात्र अनुसन्धान कार्यमा कुनै बाधा आउँदैन र अनुसन्धानका लागि सही मार्गदर्शन हुन्छ । प्रस्तुत अनुसन्धानका लागि अपनाइएका विधिहरु यस परिच्छेदमा समावेश गरिएको छ ।

## अध्ययनको ढाँचा

प्रस्तुत अध्ययन झापा जिल्लाका दुधे स्रोत केन्द्र अन्तर्गतका कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरुको श्रुतिबोध क्षमताको पहिचान गर्न खोजिएको कुरा उद्देश्य खण्डबाट प्रष्ट भएको छ । यस अध्ययनका लागि क्षेत्रीय अध्ययन विधिको उपभोग गरेर सही र उचित निष्कर्ष निकाल्ने प्रयास गर्दै अध्ययनको लागि विद्यार्थीहरुलाई महत्व दिएर निष्कर्षमा पुग्ने प्रयास महत्वपूर्ण मानिएको छ । छनोट गरिएका विद्यालयका सबै विद्यार्थीहरुलाई लिएर अध्ययन गर्न असम्भव हुने भएकाले नमूना छनोट विधि उपयोग गरिएको छ । झापा जिल्लाका दुधे स्रोत केन्द्र अन्तर्गतका कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरुको श्रुतिबोध क्षमताको अध्ययन सोझै विद्यार्थीसँग प्रत्यक्ष सम्बन्धित भएकाले विद्यार्थीहरुलाई नै केन्द्रविन्दु बनाई उनीहरुको श्रुतिबोध क्षमता पहिचान गरिएको छ । यस अनुसन्धान अध्ययनलाई वस्तुगत र जीवन्त बनाउने क्रममा जनसङ्ख्याको पहिचान, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलनका स्रोत र साधन, तथ्याङ्क सङ्कलन विधि तथा तथ्याङ्क सङ्कलनका लागि सामग्री निर्माण तथा त्यस पूर्वपरीक्षण, परीक्षणको कार्यान्वयन वा तथ्याङ्क सङ्कलन, सङ्कलित तथ्याङ्कको व्याख्या विश्लेषण गरी प्रस्तुतीकरण जस्ता सर्वेक्षणात्मक विधिहरुको पक्षको उपयोग गर्दै परिमाणात्मक ढाँचामा अध्यायको प्रारुप तयार गरिएको छ ।

### जनसङ्ख्या तथा नमुना पहिचान

प्रस्तुत अध्ययनका लागि शैक्षिक सत्र २०७२ मा दुधे स्रोत केन्द्र अन्तर्गतका कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरुलाई जनसङ्ख्याको रुपमा लिइएको छ । विविध कारण तथा अध्ययनको प्रयोजन, समय, लागत तथा लगानी आदिका कारणले गर्दा कक्षामा भएका करिब तीन सय जनसङ्ख्याको अध्ययन गर्न असम्भव हुने र त्यो सम्पूर्णको आवश्यकता पनि नपर्ने भएकाले अध्ययनको सीमाङ्कनका लागि झापा जिल्ला दुधे स्रोत केन्द्र अन्तर्गत शिवसताक्षी नगरपालिका भित्रका सामुदायिक र संस्थागत गरी ८ वटा विद्यालयका कक्षा ७ मा अध्ययनरत ८० जना विद्यार्थीहरुलाई जनसङ्ख्याको रुपमा लिइएको छ ।

### प्रतिनिधि नमुना छनोट

जुनसुकै अध्ययन अनुसन्धानलाई व्यावहारिक र सही रुपमा अध्ययन गर्नका लागि प्रतिनिधि नमुना छनोट विधिको उपयोग गर्नु महत्वपूर्ण हुन्छ । सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न असम्भव हुने भएकाले यहाँ नमुना छनोट विधि प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व गराउन सम्भव भएसम्म उद्देश्य, वर्ग छनोट, लैङ्गिकता जस्ता पक्ष तथा विधिलाई अवलम्बन गरिएको छ । जसमा सामुदायिक अन्तर्गत झिलझिले मा.वि., राष्ट्रिय रमणीय आदर्श उ.मा.वि., भगवती नि.मा.वि., सहिद भीमनारायण नि.मा.वि. गरी ४ वटा र संस्थागत विद्यालय अन्तर्गत सेभेनसिज पब्लिक इङ्ग्लिस स्कूल, ध्रुवतारा आवासीय मा.वि., पशुपति एकेडेमी र क्याम्ब्रिज बोडिङ स्कूल गरी ४ वटा विद्यालय समावेश गरिएको छ । झापा जिल्लाको दुधे स्रोत केन्द्र अन्तर्गतका शिवसताक्षी नगरपालिकामा अवस्थित सामुदायिक र संस्थागत गरी ८ वटा विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमध्येबाट फरक-फरक वर्ग, लिङ्ग विद्यालयमा भएका छात्र र छात्रालाई समावेश गरी प्रत्येक विद्यालयबाट १०/१० जनाको दरले जम्मा ८० जना विद्यार्थीको छनोट गरिएको छ । यसमा सामुदायिकबाट ४० (छात्र २० र छात्रा २०) र संस्थागत विद्यालयबाट ४० (छात्र-छात्रा २०/२०) जना गरी ८० जना छनोट गरिएको छ । यसरी छनोट गर्दा सम्पूर्ण क्षेत्रको प्रतिनिधित्व रहोस भन्ने आशा गरिएको छ ।

### तथ्याङ्क सङ्कलनका स्रोत

#### उपकरण निर्माण

जुनसुकै अनुसन्धानमा सामग्री निर्माण गर्नु महतवपूर्ण मानिन्छ । अनुसन्धानको अध्ययनमा प्रयोग गरिने सामग्रीहरु वैज्ञानिक र व्यवस्थित तरिकाले सङ्कलन गरिएका हुन्छन् । आफूलाई

अनुकूल पर्ने गरी स्तरीय सामग्रीको निर्माण गर्ने प्रयास गरिन्छ । प्रस्तुत अध्ययनको प्रकृति विद्यार्थीहरुको सुनाइ कला परीक्षण गरी तथ्य सङ्कलन गर्नु भएकाले सोहीअनुसार सामग्री निर्माण गर्न आवश्यक ठानियो । श्रुतिबोधसँग सम्बन्धित र विद्यार्थीहरुबाट नै गराउनुपर्ने विषय भएकाले विद्यार्थीहरुका लागि दृष्टांश रचना नै प्रस्तुत गरियो । प्रस्तावित शीर्षकमा शोध निर्देशकको आवश्यक सल्लाह सुझावपश्चात् नै साधन प्रयोग गरिएको छ । यस क्रममा प्रतिनिधि नमुना जनसङ्ख्या मध्ये १० जनालाई तीन वटै खालका प्रश्न दिई पूर्व परीक्षण गरिएको छ । पूर्व परीक्षण गरिएका उत्तरपुस्तिकालाई प्रक्रियागत जाँची पूर्व परीक्षणबाट प्राप्त नतिजाअनुसार विद्यार्थीलाई हौसला दिँदै अध्ययनका लागि आवश्यक सामग्री जुटाउने प्रयास अध्येताद्वारा गरिएको छ । यसरी यस अनुसन्धानमा तथ्याङ्क सङ्कलन गर्न प्रश्नपत्र दिई सोहीअनुसार उत्तरपुस्तिकामा लेख्न लगाइएको छ । अतः तथ्याङ्क सङ्कलनका साधनका रुपमा प्रश्नावलीको प्रयोग गरिएको छ ।

## तथ्याङ्क सङ्कलन विधि

यस अनुसन्धानका क्रममा क्षेत्र निर्धारण गर्दा झापा जिल्ला शिवसताक्षी नगरपालिकाभित्रका ४ सामुदायिक र ४ संस्थागत विद्यालयमा कक्षा ७ मा अध्ययनगर्ने विद्यार्थीहरुको श्रुतिबोध क्षमता पहिचान गरिएको छ । जसका निम्ति सामुदायिक विद्यालयका ४० र संस्थागत विद्यालयका ४० गरी ८० जना विद्यार्थीहरुलाई परीक्षा लिई प्राप्ताङ्लाई तथ्याङ्क शास्त्रीय विश्लेषण गरी विद्यार्थीको क्षमता पहिचान गरिएको छ । उक्त कार्यका लागि सम्बन्धित विद्यालयमा पुगी प्रधानाध्यापक,शिक्षक तथा विद्यार्थीहरुसँग प्रत्यक्ष भेटघाट गरिएको छ ।

कुनै पनि अनुसन्धानमा तथ्याङ्क सङ्कलनको कार्य महत्वपूर्ण हुन्छ । यो एक ज्यादै जटिल कार्य पनि हो । त्यसमा पनि प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा प्रतिनिधि जनसङ्ख्याका रुपमा छनोट गरिएका विद्यार्थीहरुबाट निर्धारित प्रश्नहरुको निर्धारित समयमा जवाफ लेख्नका लागि उनीहरुलाई प्रेरित गरियो ।नमूना सङ्कलनका लागि छनोट गरिएका विद्यालयहरुमा पुग्दा आशातीत सहयोग पाउन सकियो । जुनसुकै विद्यालयमा गए पनि सम्मानपूर्वक विद्यालयले दिनसक्ने सुविधा प्रदान गर्दै आफूले गर्नु पर्ने कर्तव्यहरु पूरा गरेका छन् । यी सम्पूर्ण अध्ययनका क्रममा प्रतिनिधि नमूनाका रुपमा प्रस्तुत गरिएका विद्यालयबाट सङ्कलित उत्तरपुस्तिकालाई प्रक्रियागत रुपमा जाँच गरियो । प्राप्त प्राप्ताङ्कलाई उत्तरपुस्तिकाको सिरानमा लेखियो साथै विद्यालय र विद्यार्थीका नामसहित अर्को कपीमा लेखेर राख्ने काम पनि भयो । उत्तरपुस्तिकाको जाँच गर्न सजिलाका लागि सम्बन्धित प्रश्नहरुलाई परिमार्जित गर्दै परीक्षण गरेपछि सो परीक्षणलाई वस्तुगत रुपमा अङ्क निर्धारण गरियो ।

## तथ्याङ्क विश्लेषण विधि

तथ्याङ्क सङ्कलन तथा विश्लेषण नगरी कुनै पनि अनुसन्धान पूरा र तथ्यमा आधारित हुन सक्दैन । यसमा पनि विद्यार्थीको उत्तरपुस्तिका परीक्षणपश्चात उनीहरुले प्राप्त गरेका नतिजालाई विश्लेषण गर्नुपर्ने हुन्छ । प्रस्तुत अध्ययनको शीर्षक सुनाई कलासँग सम्बन्धित भएकाले यसमा तथ्याङ्क सङ्कलनका सिलसिलामा श्रुतिबोध परीक्षणका उत्तरपुस्तिकामा अङ्कित प्राप्ताङ्कलाई लिङ्गगत र विद्यालयको प्रकृतिको आधारमा वर्गीकरण गरी तालिकाबद्ध गरिएको छ । तथ्य विश्लेषणका क्रममा सम्पूर्ण विद्यार्थीको प्रतिशत निकालिएको छ । लैङ्गिकता र विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरुको प्राप्ताङ्कको प्रतिशत निकाली श्रुतिबोध क्षमताको तथ्यको विश्लेषण गरिएको छ ।

त्यसै क्रममा सम्पूर्ण विद्यार्थीको मध्यमान निकालिएको छ । प्रतिनिधि नमूनाको रुपमा लिएका विद्यार्थीहरुमध्ये मध्यमान भन्दा माथि र तल कति कति विद्यार्थी रहेका छन् भन्ने कुराको पनि गणना गरिएको छ । समग्र समूहगतरुपमा मानक विचलन निकाली सरलता ल्याउने प्रयासस्वरुप तथ्य विश्लेषण गरिएको छ । यसका साथै समग्र मध्यमानका आधारमा विभिन्न चलहरु बीच श्रुतिबोध क्षमताको अध्ययन गरिएको छ । लैङ्गिकता,सामुदायिक र संस्थागत विद्यालयका समूहमा श्रुतिबोध क्षमताको परीक्षण गर्न प्रतिशत, मध्यमान र मानक विचलनको प्रयोग गरिएको छ । तथ्य विश्लेषणको लागि प्रयोग गरिएका सूत्रहरु निम्नानुसार छन् :

प्रतिशत (P) $= \frac{R}{T} X100\%$

यहाँ, P = प्रतिशत

R = तोकिएको श्रेणीको प्राप्ताङ्क

T = जम्मा विद्यार्थी सङ्ख्या

मध्यमान ( X ) = $\sum \frac{fx}{n}$

यहाँ, $\sum$ = योगफल

fx = प्राप्ताङ्क र आवृत्तिको गुणाङ्क

N = आवृतिको योगफल

मानक विचलन $\overline{O} = \sqrt{\dfrac{\sum fx^2 - (\sum fx)^2/N}{N}}$

यहाँ, $\Sigma$ = योगफल

$X^2$ = प्राप्ताङ्कको गुणनफल

$(\Sigma x)^2$ = प्राप्तङ्कको योगफलको वर्गफल

N = जम्मा सङ्ख्या

## अध्याय : चार

## व्याख्या र विश्लेषण

प्रस्तुत अध्ययनबाट झापा जिल्लाका दूधे स्रोतकेन्द्रका कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरुको श्रुतिबोध क्षमता पहिचान गर्ने उदेश्य राखिएको छ । यस उदेश्य पूरा गर्नका लागि झापा जिल्लाका जम्मा ८ वटा विद्यालयका ८० जना विद्यार्थीहरुबाट अध्ययनको लागि तथ्याङ्क सङ्कलन गरिएको छ । सो तथ्याङ्कलाई साङ्ख्यिकीय आधारमा विश्लेषण गर्ने दृष्टिकोण राखी व्यवस्थित गरिएको छ । यस तथ्याङ्कलाई व्यवस्थित तरिकाले व्याख्या विश्लेषण गर्नका लागि प्रतिशत गणना, मध्यमान र मानक विचलन जस्ता तथ्याङ्कशास्त्रीय साङ्ख्यिकीको उपयोग गरिएको छ । व्याख्या र विश्लेषणको विस्तृत विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

### समग्र विद्यार्थीहरुको श्रुतिबोध क्षमताको स्थिति

तालिका ४.१ : प्रतिशत आधारमा समग्र विद्यार्थीहरुको लैङिगक,प्रकृतिका आधारमा श्रुतिबोध क्षमताको स्थिति

| कुल सङ्ख्या | ४०% सम्म | | ४१-६०% सम्म | | ६१-८०% सम्म | | ८१ % भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | ३ | ३.७५ | १३ | १६.२५ | ३५ | ४३.७५ | २९ | ३६.२५ |

स्रोतः- स्थलगत सर्वेक्षण

माथिको तालिकाअनुसार समग्र विद्यार्थीहरुको प्रतिशतका आधारमा श्रुतिबोध क्षमताका लागि नमुना छनोट गरिएका ८० जना विद्यार्थीहरुमध्ये सबैभन्दा न्यूनतम श्रेणीका रुपमा रहेको ४० % सम्म श्रुतिबोध क्षमता भएका विद्यार्थीहरुको सङख्या ३.७५ प्रतिशत देखिन्छ । ४१ देखि ६० प्रतिशतसम्म श्रुतिबोध क्षमता भएका विद्यार्थी सङ्ख्या १६.२५ प्रतिशत रहेको छ । ६१ देखि ८० प्रतिशतसम्म श्रुतिबोध क्षमता भएका विद्यार्थी सङ्ख्या ४३.७५ प्रतिशत रहेको देखिन्छ र ८० प्रतिशत भन्दा बढी विद्यार्थीहरुको श्रुतिबोध क्षमता ३६.२५ प्रतिशत देखिन्छ ।

माथिको तालिकालाई तुलनात्मक विश्लेषण गर्दा ४० प्रतिशत सम्म अङ्क ल्याउने ३.७५ प्रतिशत र ८० प्रतिशत सम्म अङक ल्याउने विद्यार्थी सङ्ख्या ४३.७५ प्रतिशत रहनुले कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरुको श्रुतिबोध क्षमता उच्च रहेको पाइन्छ । ६० प्रतिशत सम्म अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या १६.२५ प्रतिशत रहनुले ६० प्रतिशत भन्दा कम प्रतिशत

विद्यार्थीहरुको श्रुतिबोध  क्षमता सन्तोषजनक रहेको पाइन्छ । ८० प्रतिशत भन्दा बढी ल्याउने विद्यार्थीको सङ्ख्या ८० प्रतिशत भन्दा कम ल्याउने विद्यार्थी भन्दा कम भए पनि यसलाई विद्यार्थीहरुमा भएको श्रुतिबोध क्षमतामा आशातीत क्षमता रहेको मान्न सकिन्छ ।

तालिका ४.२ : मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरुको लैङ्गिक, प्रकृतिका आधारमा श्रुतिबोध क्षमताको स्थिति

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | १४.८१ | ३.०७ | ५२ | ६५% | २८ | ३५% |

स्रोतः- स्थलगत सर्वेक्षण

माथिको तालिकामा कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरुले प्राप्त गरेका अङ्क र विद्यार्थी सङ्ख्याका आधारमा मध्यमान निकालिएको छ । विद्यार्थीहरुले प्राप्त गरेको समग्र तथ्याङ्क वितरणको एकरुपताको मात्रा निर्धारण गर्न मानक विचलनको उपयोग गरिएको छ । प्रतिनिधि नमूना छनौट गरिएका ८० जना विद्यार्थीहरुको मध्यमान १४.८१ रहेको छ । मध्यमानलाई आधार मान्दा मध्यमानभन्दा माथि ६५ प्रतिशत र मध्यमानभन्दा तल ३५ प्रतिशत रहेको छ । मानक विचलन ३.०७ देखिन्छ ।

मध्यमानभन्दा माथि र मध्यमानभन्दा तलको अन्तर ३० रहेको छ । मध्यमानभन्दा तल अल्पसङ्ख्यक र मध्यमानभन्दा माथि बहुसङ्ख्यक विद्यार्थीहरु रहनुले कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरुको श्रुतिवोध क्षमता सबल रहेको पाउन सकिन्छ । तथ्याङ्कबाट प्राप्त मानक विचलन ३.०७ रहनुले विद्यार्थीहरुको श्रुतिबोध क्षमतामा भने एकरुपता पाउन सकिन्छ ।

**विद्यालय प्रकृतिका आधारमा**

तालिका ४.३ : सामुदायिक विद्यालयका विद्यार्थीहरुको प्रतिशताङ्क स्थिति

| कूल सङ्ख्या | ४०% सम्म | | ४१-६०% सम्म | | ६१-८०% सम्म | | ८१% भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | ३ | ७.५ | १० | २५ | १६ | ४० | ११ | २७.५ |

स्रोतः- स्थलगत सर्वेक्षण

माथिको तालिकामा सामुदायिक विद्यालयका विद्यार्थीहरुको श्रुतिबोध क्षमतालाई प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ । कुल विद्यार्थी सङ्ख्या ४० मध्ये ४० प्रतिशतसम्म श्रुतिबोध क्षमता भएका विद्यार्थी ७.५ प्रतिशत रहेका छन् । यस श्रेणीमा भएको कुल सङ्याका आधारमा न्यून प्रतिशत मानिन्छ । ४१ देखि ६० प्रतिशतसम्म श्रुतिबोध क्षमता भएका विद्यार्थी २५ प्रतिशत रहेका छन् । ६१ देखि ८० प्रतिशतसम्म श्रुतिबोध क्षमता भएका विद्यार्थी ४० प्रतिशत रहेका छन् र ८० प्रतिशतभन्दा श्रुतिबोध भएका विद्यार्थी सङ्ख्या २७.५ प्रतिशत रहेको छ ।

यस तालिका अनुसार सबैभन्दा कम ७.५ प्रतिशत र सबैभन्दा बढी ४० प्रतिशत सङ्ख्या बीचको अन्तर ३२.५  देखिएबाट स्पष्ट हुन्छ कि कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरुको श्रुतिबोध क्षमता सन्तोषजनक रहेको छ । निम्न, मध्यम,उत्तम र अति उत्तममा गणना गर्ने हो भने उत्तम श्रेणीमा बहुसङ्ख्यक विद्यार्थी रहनुले सामुदायिक विद्यालयका विद्यार्थीहरुको श्रुतिबोध क्षमता सन्तोषजनक पाउन सकिन्छ ।

तालिका ४.४ : मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीको श्रुतिबोध क्षमताको स्थिति

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | १३.८२ | ३.५३ | २२ | ५५ | १८ | ४५ |

स्रोतः- स्थलगत सर्वेक्षण

उपर्युक्त  तालिकामा सामुदायिक विद्यालयको कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरुले प्राप्त गरेका अङ्क र विद्यार्थी सङ्ख्याका आधारमा मध्यमान निकालिएको छ ।

विद्यार्थीहरुले प्राप्त गरेको तथ्याङ्क वितरणको एकरुपताको मात्रा निर्धारण गर्न मानक विचलनको उपयोग गरिएको छ । प्रतिनिधि नमूना छनौट गरिएका ४० जना विद्यार्थीको मध्यमान १३.८२ रहेको छ । मध्यमानलाई आधार मान्दा मध्यमानभन्दा माथि ५५ प्रतिशत र मध्यमानभन्दा मुनि ४५ प्रतिशत रहेको छ र मानक विचलन ३.५३ रहेको छ ।

मध्यमानभन्दा माथि र तलको अन्तर १० प्रतिशत रहेको छ। मध्यमानभन्दा तल थोरै र मध्यमानभन्दा माथि धेरै विद्यार्थी रहनुले सामुदायिक विद्यालयको कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरुको श्रुतिबोध क्षमता राम्रो रहेको पाउन सकिन्छ।

तालिका ४.५ : संस्थागत विद्यालयका विद्यार्थीहरुको प्रतिशताङ्क स्थिति

| कूल | ४०% सम्म | | ४१-६०% सम्म | | ६१-८०% सम्म | | ८१% भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | ० | ० | ३ | ७.५ | १९ | ४७.५ | १८ | ४५ |

स्रोतः- स्थलगत सर्वेक्षण

माथिका तालिकामा संस्थागत विद्यालयका विद्यार्थीहरुको श्रुतिबोध क्षमतालाई प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ। कुल विद्यार्थी सङ्ख्या ४० मध्ये ४० प्रतिशतसम्म श्रुतिबोध क्षमता भएका विद्यार्थी शून्य प्रतिशत रहेका छन्। ४१ देखि ६० प्रतिशतसम्म श्रुतिबोध क्षमता भएका विद्यार्थी ७.५ प्रतिशत रहेका छन्। यस श्रेणीमा भएको प्रतिशतलाई कुल सङ्ख्याका आधारमा न्युन प्रतिशत मानिन्छ। ६१ देखि ८० प्रतिशतसम्म श्रुतिबोध क्षमता भएका विद्यार्थीहरु ४७.५ प्रतिशत रहेका र ८१ प्रतिशतभन्दा बढी श्रुतिबोध क्षमता भएका विद्यार्थीको सङ्ख्या ४५ प्रतिशत रहेको छ।

यस तालिकाअनुसार सबैभन्दा कम्ती ४० प्रतिशतसम्म अङ्क ल्याउने प्रतिशत शुन्य रहनु, ४१ देखि ६० प्रतिशतसम्म अङ्क ल्याउने प्रतिशत ७.५ रहनु र ६१ प्रतिशतभन्दा माथि ८० प्रतिशतसम्म ल्याउने विद्यार्थी अधिकतम अर्थात् ४७.५ प्रतिशत रहनुले संस्थागत विद्यालयका विद्यार्थीहरुको श्रुतिबोध क्षमता उत्तम रहेको पाइएको छ।

तालिका ४.६ : मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरुको श्रुतिबोध क्षमताको स्थिति

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | १५.८ | २.०४ | २४ | ६० | १६ | ४० |

स्रोतः- स्थलगत सर्वेक्षण

माथिको तालिकामा संस्थागत विद्यालयको कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरुले प्राप्त गरेका अङ्क र विद्यार्थी सङ्याका आधारमा मध्यमान निकालिएको छ। विद्यार्थीहरुले प्राप्त गरेको तथ्याङ्क वितरणको एकरुपताको मात्रा निर्धारण गर्न मानक विचलनको उपयोग गरिएको छ। प्रतिनिधि नमूना छनौट गरिएका ४० जना विद्यार्थीहरुको मध्यमान १५.८ रहेको छ। मध्यमानलाइ आधार मान्दा मध्यमानभन्दा माथि ६० प्रतिशत र मध्यमानभन्दा तल ४० प्रतिशत रहेको छ। मानक विचलन २.०४ देखिन्छ।

मध्यमानभन्दा माथि र तलको अन्तर २० रहेको छ। मध्यमानभन्दा माथि बहुसङ्ख्यक विद्यार्थीहरु रहनुले संस्थागत विद्यालयको कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरुको श्रुतिबोध क्षमता उत्तम रहेको पाउन सकिन्छ। तथ्याङ्कबाट प्राप्त मानक विचलन २.०४ ले विद्यार्थीहरुको श्रुतिबोध क्षमता सन्तोषजनक नै भन्न सकिन्छ।

तालिका ४.७ : छात्र विद्यार्थीहरुको श्रुतिबोध क्षमताको प्रतिशताङ्क स्थिति

| कुल | ४०% सम्म | | ४१-६०% सम्म | | ६१-८०% सम्म | | ८१% भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | १ | २.५ | ५ | १२.५ | २४ | ६० | १० | २५ |

स्रोतः- स्थलगत सर्वेक्षण

माथिको तालिकामा लैङ्गिक आधारमा छात्र विद्यार्थीहरुको श्रुतिबोध क्षमतालाई प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ। कुल विद्यार्थी सङ्ख्या ४० मध्ये ४० प्रतिशतसम्म श्रुतिबोध क्षमता भएका छात्रहरु २.५ प्रतिशत रहेका छन्। यस श्रेणीमा भएको प्रतिशत कुल सङ्ख्याका आधारमा अत्यन्तै न्यून प्रतिशत मानिन्छ। ४१ देखि ६० प्रतिशतसम्म श्रुतिबोध क्षमता भएका छात्रहरु १२.५ प्रतिशत रहेका छन्। त्यस्तै ६१ देखि ८० प्रतिशतसम्म श्रुतिबोध क्षमता भएका विद्यार्थी ६० प्रतिशत रहेका छन् जुन कुल सङ्ख्याको आधारमा निकै ठूलो प्रतिशत हुन जान्छ। ८१ प्रतिशतदेखि माथि श्रुतिबोध क्षमता भएका छात्रहरु पनि २५ प्रतिशत रहनुले श्रुतिबोध क्षमतामा अब्बल छात्रहरु कक्षा ७ मा अध्ययनरत रहेको पुष्टि हुन्छ।

यस तालिका अनुसार सबैभन्दा कम २.५ प्रतिशत र सबैभन्दा बढी ६० प्रतिशत सङ्ख्याबीचको अन्तर ५७.५ देखिएबाट स्पष्ट हुन्छ कि दूधे स्रोतकेन्द्र अन्तर्गत रहेका कक्षा ७ मा अध्ययनरत छात्र विद्यार्थीहरुको श्रुतिबोध क्षमता सन्तोषजनक रहेको छ।

तालिका ४.८ : मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरुको श्रुतिबोध क्षमताको स्थिति

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | १४.६५ | २.४७ | २६ | ६५ | १४ | ३५ |

स्रोत:- स्थलगत सर्वेक्षण

उपर्युक्त तालिकामा दूधे स्रोत केन्द्रअन्तर्गतका कक्षा ७ मा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका छात्र विद्यार्थीहरुले प्राप्त गरेका अङ्क र विद्यार्थी सङ्ख्याका आधारमा मध्यमान निकालिएको छ। विद्यार्थीहरु (छात्र) प्राप्त गरेको तथ्याङ्क विवरणको एकरुपताको मात्रा निर्धारण गर्न मानक विचलनको उपयोग गरिएको छ। प्रतिनिधि नमुना छनोट गरिएका ४० जना छात्रहरुको मध्यमान १४.६५ रहेको छ। मध्यमानलाई आधार मान्दा मध्यमानभन्दा माथि ६५ प्रतिशत र मध्यमानभन्दा तल ३५ प्रतिशत रहेको छ र मानक विचलन २.४७ रहेको छ।

मध्यमानभन्दा माथि र तलको अन्तर ३० प्रतिशत रहेको छ। मध्यमानभन्दा तल थोरै र मध्यमानभन्दा माथि धेरै विद्यार्थी रहनु भनेको श्रुतिबोध क्षमतामा छात्र विद्यार्थीहरुले सबल फड्को मार्नु हो भन्ने कुरा स्पष्ट हुन्छ। यस तालिकाबाट दूधे श्रोत केन्द्रअन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयमा कक्षा ७ मा अध्ययनरत छात्र विद्यार्थीहरुको श्रुतिबोध क्षमता अत्यन्तै राम्रो भएको पाउन सकिन्छ।

तालिका ४.९ : छात्रा विद्यार्थीहरुको प्रतिशताङ्क स्थिति

| कुल | ४०% सम्म | | ४१-६०% सम्म | | ६१-८०% सम्म | | ८१% भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | २ | ५ | ८ | २० | ११ | २७.५ | १९ | ४७.५ |

स्रोत:- स्थलगत सर्वेक्षण

माथिको तालिकामा लैङ्गिक आधारमा छात्रा विद्यार्थीहरुको श्रुतिबोध क्षमतालाई प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ। कुल विद्यार्थी सङ्ख्या ४० मध्ये ४० प्रतिशतसम्म श्रुतिबोध क्षमता भएका छात्राहरु ५ प्रतिशत रहेका छन्। ४१ देखि ६० प्रतिशतसम्म श्रुतिबोध क्षमता भएका छात्राहरु २० प्रतिशत रहेका छन्। त्यस्तै ६१ देखि ८० प्रतिशतसम्म

श्रुतिबोध क्षमता भएका छात्राहरु २७.५ र ८१ प्रतिशतदेखि माथि श्रुतिबोध क्षमता भएका छात्राहरु ४७.५ प्रतिशत रहेका छन् ।

यस तालिकाअनुसार सबैभन्दा कम ५ प्रतिशत र सबैभन्दा बढी ४७.५ प्रतिशत सङ्ख्याबीचको अन्तर ४१.५ देखिएबाट र ८१ प्रतिशतभन्दा बढी क्षमता भएका छात्राहरुको प्रतिशताङ्क स्थिति सबैभन्दा बढी ४७.५ प्रतिशत रहेबाट यो स्पष्ट हुन्छ कि दुधे स्रोत केन्द्रअन्तर्गत रहेका कक्षा ७ मा अध्ययनरत छात्रा विद्यार्थीहरु श्रुतिबोध क्षमतामा उत्कृष्ठ बन्न सफल भएका छन् । यो एउटा सुखद् पक्ष मान्नुपर्ने देखिन्छ ।

तालिका ४.१० : मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरुको श्रुतिबोध क्षमताको स्थिति

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | १४.९८ | ३.५९ | २७ | ६७.५ | १३ | ३२.५ |

स्रोतः- स्थलगत सर्वेक्षण

उपर्युक्त तालिकामा दुधे स्रोतकेन्द्र अन्तर्गतका कक्षा ७ मा अध्ययनरत छात्रा विद्यार्थीहरुले प्राप्त गरेको अङ्क र विद्यार्थी सङ्ख्याका आधारमा मध्यमान निकालिएको छ । छात्रा विद्यार्थीहरुले  प्राप्त गरेको तथ्याङ्क विवरणको एकरुपताको मात्रा निर्धारण गर्न मानक विचलनको उपयोग गरिएको छ । प्रतिनिधि नमुना छनोट गरिएका ४० जना छात्राहरुको मध्यमान १४.९८ रहेको छ । मध्यमानलाई आधार मान्दा मध्यमानभन्दा माथि ६७.५ प्रतिशत र मध्यमानभन्दा तल ३२.५ प्रतिशत रहेको छ । मानक विचलन ३.५९ रहेको छ ।

माथिको तालिकाअनुसार मध्यमानभन्दा माथि र तलका बीचको अन्तर ३५ प्रतिशत रहेको छ । मध्यमानभन्दा माथि ६७.५ प्रतिशत रहनु अर्थात् कुल सङ्ख्याको अधिकतम सङ्ख्या क्षमतावान भएको पुष्टि हुन्छ । यस तालिकाबाट दुधे श्रोत केन्द्रअन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयमा कक्षा ७ मा अध्ययनरत छात्रा विद्यार्थीहरुको श्रुतिबोध क्षमता आशातीत भएको मान्न सकिन्छ ।

तालिका ४.११ : समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरुको श्रुतिबोध क्षमताको समूहगत स्थिति

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक | समूह | | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | १४.८१ | ३.०७ | विद्यालय-को प्रकृति | सामुदायिक | ४० | २० | ५० | २० | ५० |
| | | | | संस्थागत | ४० | ३२ | ८० | ८ | २० |
| | | | लैङ्गिकता | छात्र | ४० | २६ | ६५ | १४ | ३५ |
| | | | | छात्रा | ४० | २७ | ६७.५ | १३ | ३२.५ |

स्रोतः- स्थलगत सर्वेक्षण

माथिको तालिकामा विद्यार्थीहरुको कुल सङ्ख्या ८० रहेको छ । समग्रमा विद्यार्थीहरुको मध्यमान १४.८१ र मानक विचलन ३.०७ लाई आधार मानी समूहगत श्रुतिबोध क्षमता प्रस्तुत गरिएको छ ।

विद्यालय प्रकृतिका आधारमा संस्थागत र सामुदायिकतर्फ क्रमश : ४०/४० विद्यार्थीहरु समावेस गरिएका थिए । समग्र मध्यमान १४.८१ लाई आधार मानेर हेर्दा संस्थागततर्फ मध्यमानभन्दा माथि ८० प्रतिशत र मध्यमानभन्दा तल २० प्रतिशत विद्यार्थीहरु रहेका छन् । मध्यमानभन्दा माथि र तल पर्ने विद्यार्थीको प्रतिशत अन्तर ६० रहेको छ । यो अन्तरबाट स्पष्ट हुन्छ कि बहुसङ्ख्यक विद्यार्थीहरु मध्यमानभन्दा माथि र अल्पसङ्ख्यक विद्यार्थीहरु मध्यमानभन्दा तल रहेकाले संस्थागत विद्यालयका विद्यार्थीहरुको श्रुतिबोध क्षमता राम्रो रहेको छ ।

सामुदायिकतर्फ मध्यमानभन्दा माथि र तल दुबैतिर ५०/५० प्रतिशत विद्यार्थीहरु रहेका छन् । यसरी मध्यमानभन्दा माथि र तल बराबर विद्यार्थी देखिनुले सामुदायिक विद्यालयका विद्यार्थीहरुको श्रुतिबोध क्षमता न उत्तम न निम्न अर्थात् सन्तोषजनक नै रहेको देखिन्छ ।

लिङ्गका आधारमा समग्र श्रुतिबोध क्षमताको अध्ययनमा छात्र ४० र छात्रा ४० जना समाबेश गरिएको थियो । समग्र मध्यमानलाई आधारबिन्दु बनाएर विश्लेषण गर्दा छात्रतर्फ ६५ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि र ३५ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा तल रहेका छन् । मध्यमानभन्दा माथि र तलको अन्तर ३० प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा माथि

बहुसङ्ख्यक र मध्यमानभन्दा तल अल्पसंख्यक विद्यार्थीहरु रहनुले छात्रको श्रुतिबोध क्षमता बलियो रहेको देखिन्छ ।

यसैगरी समग्रमा मध्यमान १४.८१ लाई आधार मानेर छात्राहरुको श्रुतिबोध क्षमतालाई दृष्टिगत गर्दा ४० जना छात्राहरुमध्ये ६७.५ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि र ३२.५ प्रतिशत मात्र मध्यमानभन्दा तल रहेका छन् । मध्यमानभन्दा माथि र तलको अन्तर ३५ प्रतिशत रहेको देखिनुले छात्राहरुको श्रुतिबोध क्षमता अति उत्तम मान्न सकिन्छ ।

## श्रुतिबोध क्षमतामा विभिन्न समूहबीच तुलनात्मक स्थिति

तालिका ४.१२ : विद्यालयको प्रकृतिका आधारमा संस्थागत र सामुदायिक विद्यालयबीच तुलना

| समूह | सङ्ख्या | मध्यमान | मानक विचलन | समग्र मध्यमान | समग्र मानक विचलन |
|---|---|---|---|---|---|
| सामुदायिक | ४० | १३.८२ | ३.५३ | १४.८१ | ३.०७ |
| संस्थागत | ४० | १५.८ | २.०४ | | |

स्रोतः- स्थलगत सर्वेक्षण

माथिको तालिकामा विद्यालय प्रकृतिका आधारमा सामुदायिक विद्यालयतर्फ ४० जना र संस्थागत विद्यालयतर्फ ४० जना विद्यार्थीहरु रहेका छन् । समूहगत रुपमा सामुदायिक विद्यालयका विद्यार्थीहरुको मध्यमान १३.८२ र संस्थापक विद्यालयतर्फ १५.८ छ । त्यस्तै सामुदायिक विद्यालयको मानक विचलन ३.५३ र संस्थागत विद्यालयको २.०४ रहेको छ भने समग्र मानक विचलन ३.०७ छ ।

समग्र मध्यमान १४.८१ का आधारमा सामुदायिक विद्यालयको मध्यमान संस्थागत विद्यालयको मध्यमान भन्दा १.९८ ले कमी भएकाले सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरुको श्रुतिबोध क्षमता सन्तोषजनक रहेको छ । समग्र मानक विचलन ३.०७ लाई आधार मान्दा सामुदायिक विद्यालयको मानक विचलन समग्र मानक विचलनभन्दा बढी र संस्थागत विद्यालयको समग्र मानक विचलनभन्दा घटी देखिन्छ । समूहगतरुपमा सामुदायिक विद्यालयको मानक विचलन संस्थागत विद्यालयको मानक विचलनभन्दा १.४९ ले बढी भएकाले सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको विद्यार्थीहरुको प्राप्ताङ्क वितरणमा एकरुपता पाउन सकिन्छ ।

तालिका ४.१३ : श्रुतिबोध क्षमतामा लैङ्गिक आधारमा छात्र र छात्राबीच तुलना

| समूह | सङ्ख्या | मध्यमान | मानक विचलन | समग्र मध्यमान | समग्र मानक विचलन |
|---|---|---|---|---|---|
| छात्रा | ४० | १४.९८ | ३.५९ | १४.८१ | ३.०७ |
| छात्र | ४० | १४.६५ | २.४७ | | |

स्रोतः- स्थलगत सर्वेक्षण

माथिको तालिकामा लैङ्गिक आधारमा छात्र ४० र छात्रा ४० जना रहेका छन् । छात्राको मध्यमान १४.९८ र मानक विचलन ३.५९ रहेको छ । छात्रको मध्यमान १४.६५ र मानक विचलन २.४७ देखिन्छ ।

छात्राको मध्यमान छात्रको मध्यमानभन्दा ०.३३ ले बढी भएकाले छात्रहरुको भन्दा छात्राहरुको श्रुतिबोध क्षमता उच्च रहेको देखिन्छ । समग्र मानक विचलनलाई आधार मान्दा छात्राको मानक विचलन ०.५२ ले बढी र छात्रको मानक विचलन ०.६० ले घटी देखिन्छ । छात्रा र छात्रबीच तुलना गर्दा छात्राको मानक विचलन छात्रको मानक विचलनभन्दा १.१२ बढी भएकाले छात्राको प्राप्ताङ्क वितरण भन्दा छात्रको प्राप्ताङ्क वितरणमा एकरुपता पाउन सकिन्छ । तुलनात्मक रुपमा केही भिन्नताहरु देखिए तापनि समग्रमा छात्रा र छात्रबीचको प्राप्ताङ्कमा सार्थक भिन्नता देखिँदैन ।

## निष्कर्ष

व्याख्या विश्लेषणको यस अध्यायमा विद्यार्थीहरुलाई सामुदायिक र संस्थागत अनि छात्र र छात्रा गरेर उनीहरुको प्राप्ताङ्कलाई विश्लेषण गर्दा सामुदायिक भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको प्रतिशत राम्रो र मध्यमान र मानक विचलनका आधारमा पनि उच्च देखियो र छात्र र छात्राबीच तुलना गर्दा छात्रको तुलनामा छात्राको प्रतिशत राम्रो देखियो ।

## अध्याय-पाँच

## उपसंहार

### सारांश

यहाँ प्रस्तुत गरिएको झापा जिल्लाका *“कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरुको श्रुतिबोध क्षमता”* झापा जिल्ला दुधे स्रोत केन्द्र शिवसताक्षी नगरपालिकाभित्र रहेका केही विद्यालयमा शोधकर्ता स्वयं उपस्थित भई विद्यार्थीहरुलाई पाठको अनुच्छेद श्रवण गराई विभिन्न प्रश्न दिई श्रुतिबोध क्षमता जाँच गर्ने प्रयास गरिएको छ । उनीहरुबाट प्राप्त उत्तरपुस्तिका परीक्षण गरी छात्र र छात्रा विद्यार्थीबीच सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुबीच श्रुतिबोध क्षमताको अध्ययन गरिएको छ । यसको व्याख्या विश्लेषणका आधारमा हेर्दा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरुको श्रुतिबोध क्षमता केही कमजोर पाइन्छ । त्यसैगरी छात्र र छात्राबीच अध्ययन गर्दा छात्र विद्यार्थीको तुलनामा छात्रा विद्यार्थीहरुको श्रुतिबोध क्षमता केही राम्रो देख्न सकिन्छ । समग्रमा सम्पूर्ण विद्यार्थीहरुको श्रुतिबोध क्षमता सन्तोषजनक रहेको छ । विद्यार्थीहरुको यस्ता विभिन्न अवस्था तथा तथा पक्षहरुको अध्ययन गरी निष्कर्ष र सुझावहरु प्रस्तुत गरिएको छ ।

### निष्कर्ष

विद्यार्थीहरुमा विविध क्षमता हुन्छ । त्यसैले उनीहरुको क्षमताको पहिचान गर्ने क्रममा उनीहरुलाई विभिन्न अनुच्छेदहरु सुनाई विभिन्न प्रश्नहरु दिई परीक्षण गर्दा निम्न निष्कर्षहरु निकालियो ।

क) विद्यार्थीहरुको श्रुतिबोध अध्ययन प्रतिशतमा गर्न चारवटा श्रेणी निर्धारण गरिएको छ ।

ख) समग्र विद्यार्थीहरुको श्रुतिबोध क्षमताको मध्यमान स्थिति १४.८१ लाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि श्रुतिबोध क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ५२ जना अर्थात् ६५ प्रतिशत रहनु र मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २८ जना अर्थात ३५ प्रतिशत रहनुले कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरुको श्रतिबोध क्षमता राम्रो रहेको देखिन्छ ।

ग) विद्यालय प्रकृति र लैङ्गिक आधारमा हेर्दा धेरै विद्यार्थीहरु उच्च स्तरका रहेका र मध्यमान पनि १४.८१ रहेकाले उनीहरुको श्रुतिबोध क्षमता राम्रो रहे पनि मानक विचलन निम्न रहेकाले उनीहरुको श्रुतिबोध क्षमतामा एकरुपता पाइन्छ ।

घ) विद्यालयको प्रकृतिका आधारमा सामुदायिक विद्यालयहरुमा ४० जना विद्यार्थीहरुमध्ये मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरुको सङ्ख्या १८ जना अर्थात् ४५ प्रतिशत रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरुको श्रुतिबोध क्षमता सन्तोषजनक रहेको पाइन्छ भने संस्थागत विद्यालयका विद्यार्थीहरुमध्ये मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरुको सङ्ख्या १६ जना अर्थात् ४० प्रतिशत रहनुले उनीहरुको श्रुतिबोध क्षमता राम्रो पाइन्छ ।

ङ) लैङ्गिकताका आधारमा हेर्दा छात्र विद्यार्थीको तुलनामा छात्रा विद्यार्थीको श्रुतिवोध क्षमता केही राम्रो देखिए तापनि खासै अन्तर नरहेको पाइन्छ । छात्रको मध्यमान १४.६१ र छात्राको मध्यमान १४.९८ रहेको छ । नमुना छनोटमा परेका ४०/४० जना विद्यार्थीहरुमध्ये मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने दुबै विद्यार्थीहरुको सङ्ख्या बढी रहेबाट छात्र र छात्रा दुबैको श्रुतिवोध क्षमता उच्च रहेको पाइन्छ ।

च) छात्र, छात्रा, सामुदायिक तथा संस्थागत सबै क्षेत्रका विद्यार्थीहरुको मानक विचलन निम्न रहेको छ । यसका आधारमा हेर्दा कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरुको क्षमतामा एकरुपता छ । निम्नदेखि उच्च क्षमता भएका विद्यार्थीहरु रहेको देखिन्छ ।

छ) विद्यालयको स्वरुप र लिङ्गगत आधारमा हेर्दा सामुदायिक र संस्थागत र छात्र र छात्राबीचमा विद्यार्थीहरुको क्षमतामा सामान्य अन्तर देखिए तापनि तुलनात्मक अध्ययन गर्दा यी दुबै आधारमा विद्यार्थीहरुको श्रुतिबोध क्षमतामा सार्थक भिन्नता रहेको छैन ।

## उपयोगिता

प्रस्तुत अध्ययनको निष्कर्ष र सारांश पश्चात् यसका उपयोगिताहरु निम्नानुसार रहने देखिन्छ ।

क) प्रस्तुत अध्ययनले नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तकलाई समय सापेक्ष निर्माण, परिष्कार र परिमार्जन गर्न सहयोगी भूमिका खेल्नेछ ।

ख) प्रस्तुत अध्ययनले विद्यालय तहका पाठ्यपुस्तकहरु निर्माण गर्दा विद्यार्थीहरुको मनोविज्ञानलाई ख्याल गरी उनीहरुको रुचिअनुसारका पाठहरु राखी पुस्तक निर्माण गर्नुपर्छ भन्ने कुरामा सहयोग गर्दछ ।

ग) श्रुतिलेखन कार्यमा

घ) भावी अनुसन्धाताका लागि

ङ) सुनाइ सिप विकास गर्न अध्यापनका लागि

## सुझाव

झापा जिल्लाका कक्षा ७ मा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका छात्र र छात्रा विद्यार्थीहरुको श्रुतिबोध क्षमताको अध्ययनपश्चात् त्यहाँ देखिएका समस्याहरुको समाधानार्थ निम्न तीन तहमा निम्न सुझावहरु प्रस्तुत गर्न लागिएको छ ।

### नीति निर्माण तह

नीति निर्माण तहअन्तर्गत पनि पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणका सन्दर्भमा दिन सकिने सुझावहरु यसप्रकार छन् :

क) विद्यालयका पाठ्यपुस्तकहरुमा अभ्यासात्मक क्रियाकलाप 'सुनेर गर' जस्ता अभ्यास राखिनु पर्छ ।

ख) विद्यालय तहको नेपाली विषयको पाठ्यपुस्तकमा मूल्याङ्कन प्रणालीमा श्रुतिबोधको क्षेत्रमा व्यापकता दिनु पर्छ ।

ग) विद्यार्थीहरुकबो भाषिक सिपको आधारभूत तह श्रुतिबोध भएकोले यसको पाठ्यसामग्री चयन गर्दा क्षेत्र,लिङ्ग,भाषा,स्थानीयता,उमेर,कक्षा,तह आदि विविध पक्षलाई समेटी चयन गर्नु पर्छ ।

घ) देशभरका विद्यालयहरुमा परीक्षा प्रणालीमा भएका असमानता हटाई एकरुपताका लागि महत्वपूर्ण कदम चालिनुपर्छ ।

ङ) विद्यालय तहको मूल्याङ्याकन प्रणालीमा श्रुतिबोधको अङ्कभार र पाठ्यसामग्री स्पष्ट तोकी अनिवार्य कार्यान्वयन गर्न जोड दिनु पर्छ ।

### कार्यान्वयन तह

कार्यान्वयन तहका लागि निम्न सुझावहरु प्रस्तुत गरिएका छन् :

क) लैङ्गिक आधारमा श्रुतिबोधमा छात्राको भन्दा छात्रको श्रुतिबोध क्षमता कमजोर हुनुमा नेपाली विषयलाई सजिलोरुपमा लिने प्रवृत्तिले छात्रले कम ध्यान दिएको पाइन्छ । यो परिस्थितिबाट मुक्त हुन रोचक,ज्ञानवर्धक सामग्रीको प्रयोग गरी शिक्षण गराउनु आवश्यक देखिन्छ ।

ख) सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुलाई बढीभन्दा बढी क्षमतावान् बनाउन श्रुतिबोधको अभ्यास गराउनुपर्छ ।

ग) अतिरिक्त क्रियाकलापको रुपमा पनि श्रुतिबोध गराई श्रुतिमा चासो दिने वातावरण निर्माण गर्नुपर्छ ।

घ) भाषाका अन्य सीपको विकास श्रुतिबोधबाट नै सुरु हुने भएकाले श्रुतिबोधको शिक्षणमा प्रभावकारिता बढाउनुपर्छ ।

ङ) कक्षा शिक्षणमा शिक्षकले विद्यार्थीले रुचाएका कथाहरु विद्यार्थीलाई सुनाएर श्रुतिबोधको शिक्षण गर्नुपर्छ ।

च) व्याख्यान विधिबाट अरुचि हुने भएकाले विद्यार्थीहरुलाई व्याख्यानसँगै अङ्ग परिचालन,हाउभाउ जस्ता क्रियाकलापकासाथ श्रुतिबोध गराउनुपर्छ ।

छ) श्रुतिबोध क्षमताको विकास गर्न सन्दर्भ पुस्तक तथा पत्रपत्रिका साथै वालकसँग सम्बन्धित बालपत्रिका पनि उपलब्ध गराई वाचनका माध्यमबाट श्रुति गराउनुपर्छ ।

ज) श्रुतिबोधलाई समय छुट्याई रेकर्ड गरिएको पाठ्यसामग्री श्रवण गराउनुपर्छ ।

**भावी अनुसन्धान तह**

अनुसन्धान भनेको निरन्तर चलिरहने प्रक्रिया भएकाले यो कहिल्यै एकनासको हुँदैन । विषय र क्षेत्रअनुसार यसको स्वरुप फरक फरक हुन्छ । कुनै पनि विषयको सम्पूर्णता एउटा अनुसन्धानबाट अपेक्षा गर्नु मूर्खता हुन जान्छ किनकी यसका विविध सीमा र अवरोधहरु साथमा हुन्छन् । जुन अनुसन्धानले पूर्णता प्राप्त गर्दछ वास्तवमा त्यही अनुसन्धान मात्र सफलता प्राप्त गरेको अनुसन्धान ठहर्छ । त्यसकारण जुनसुकै विषयमा अनुसन्धान गर्दा त्यससँग सम्बन्धित सम्पूर्ण पक्षको खोजी गर्नु जरुरी हुन जान्छ । तसर्थ यस अध्ययनसँग निकट रहेर अनुसन्धान गर्न चाहने अनुसन्धाताका लागि सम्भावित शीर्षकहरु निम्नानुसार रहेका छन् ।

क) माध्यमिक तह पूरा गरेका विद्यार्थीहरुको श्रुतिबोध क्षमता

ख) कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरुको श्रुतिबोध र पठनबोध क्षमता तुलनात्मक अध्ययन

ग) निम्न माध्यमिक तहका विद्यार्थीहरुको दृष्टांश पाठ्यसामग्रीको श्रुतिबोध क्षमता

घ) कक्षा तीन पूरा गरेका विद्यार्थीहरुको श्रुतिबोध क्षमता

ङ) श्रुतिबोध शिक्षण गर्न अपनाइने विधिहरुको अध्ययन

च) श्रुतिबोध क्षमतामा प्रभाव पार्ने आन्तरिक र वाह्य तत्वको अध्ययन

# सन्दर्भग्रन्थ सूची

## पुस्तकहरु


आचार्य, माधवप्रसाद, (२०६५), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : दीक्षान्त प्रकाशन ।

कार्की, उपेन्द्र (२०५५), *शैक्षिक मापन तथा मूल्याङ्कन,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६१), *शैक्षिक अनुसन्धान पद्धति,* (दोस्रो संस्करण) काठमाडौंः स्टुडेण्ट बुक्स पब्लिसर्स एण्ड डिस्ट्रबुटर्स कीर्तिपुर ।

खत्री, पवित्र (२०६५), *कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको श्रुतिवोध क्षमताको अध्ययन,* (अप्रकाशित शोधपत्र) नेपाली शिक्षा विभाग, कीर्तिपुर काठमाडौ ।

ज.ब.रा. स्वयंप्रकाश र अन्य (२०५८), *शिक्षा मापन र मूल्याङ्कन,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड(२०७१) *हाम्रो नेपाली किताब, कक्षा ७* ।

न्यौपाने, सृजना (२०६६) *कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरुको स्वरपठन क्षमताको अध्ययन* अप्रकाशित एम.एड.शोधपत्र) नेपाली शिक्षा विभाग ।

नेपाल प्रज्ञा प्रतिष्ठान(२०४०) *नेपाली बृहत् शब्दकोश ।*

नेपाल,दुर्गाप्रसाद(२०५२), *व्याकरणवोध,* काठमाडौंः अनामिका पब्लिकेशन ।

पौडेल,हेमनाथ(२०५४), *अनिवार्य नेपाली व्याकरण* र समीक्षा, पैरवी प्रकाशन काठमाडौं ।

पोखेल,बालकृष्ण र अन्य सम्पा.(२०६७), *नेपाली बृहत् शब्दकोश,* (सातौं संस्करण) काठमाडौंः ने.रा.प्र.प्र. ।

पोखेल, राम (२०६४), *कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरुको श्रुतिवोध क्षमताको अध्ययन,* अप्रकाशित शोधपत्र) नेपाली शिक्षा विभाग, कीर्तिपुर काठमाडौ ।

भट्टराई, कमल (२०६९) *कक्षा एकमा अध्ययनरत विद्यार्थीहरुको बाल शब्दभण्डार क्षमताको अध्ययन* (अप्रकाशित एम.एड.शोधपत्र) कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा ।

भट्टराई, रामप्रसाद (२०६८) *भाषिक अनुसन्धान विधि,* काठमाडौंः शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि, रामनाथ ओझा र डोलाराज(२०६८) *भाषिक अनुसन्धान विधि,* काठमाडौंः पिनाकल पब्लिकेशन प्रा.लि ।

भण्डारी, पारसमणि (२०६३) *स्नातकोत्तर नेपाली शोध विवरण,* काठमाडौंःहिरा बुक्स इन्टरप्राईजेज ।

भुसाल, माधवा (२०६७) *कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरुको पठनवोध क्षमताको अध्ययन* (अप्रकाशित एम.एड.शोधपत्र) नेपाली शिक्षा विभाग कीर्तिपुर काठमाडौं ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप(२०६३) *नेपाल सरकार, शिक्षा मन्त्रालय,पाठ्यक्रम विकास केन्द्र,* सानोठिमी भक्तपुर ।

शर्मा, मोहनराज (२०५३) *शब्द रचना र वर्णविन्यास,* काठमाडौंः नवीन प्रकाशन ।

## परिशिष्ट-क

## पूर्व परीक्षणका निम्ति प्रयोग गरिएका प्रश्नहरु

नाम :................................................ छात्र ☐ छात्रा ☐

कक्षा :................ उमेर :

विद्यालयको नाम : ..............................................................................

पढिरहेको विद्यालय संस्थागत ☐ सामुदायिक ☐

१. शिक्षकले वाचन गरेको अनुच्छेद ध्यानपूर्वक सुनी तल दिइएको निर्देशनअनुसार प्रश्नहरुको उत्तर दिनुहोस् । (अनुच्छेद परिशिष्ट ग मा छ)

(क) तल दिइएका विकल्पहरु मध्ये सर्वोत्कृष्ट उत्तरमा ठिक (√) चिन्ह लगाउनुहोस् ।

१) तराई मधेस मूलका हिन्दू धर्मावलम्बीहरुले मनाउने ठूलो चाड कुन हो ?

(क) उँधौली (ख) इद

(ग) तिहार (घ) छठ

२) छठ पर्व कुन महिनामा पर्दछ ?

(क) असोज (ख) कार्तिक

(ग) मंसिर (घ) पुस

३) पाण्डवहरुले गुप्तबासको सफलताका लागि के को आराधना गरेका थिए ?

(क) सूर्यको (ख) अग्निको

(ग) इन्द्रको (घ) वायुको

४) ब्रतबाट के पुरा हुने धार्मिक आस्था रहेको छ ?

(क) चाहना (ख) शत्रुता

(ग) आरोग्य र मनोकामना (घ) आवश्यक्ता

५) कस्को नेतृत्वमा ब्रत लिइन्छ ?

(क) ज्येष्ठ र स्वस्थ्य महिला (ख) ज्येष्ठ र स्वस्थ्य पुरुष

(ग) स्वस्थ्य छोरी (घ) स्वस्थ्य छोरा

(ख) तलका प्रश्नहरुको अति संक्षिप्त उत्तर दिनुहोस् ।

(१) नेपाल कस्तो देश हो ?

उत्तर :...........................................................................................................

.................................................................................................................

.................................................................................................................

(२) छठ पर्वमा के गर्ने चलन रहेको छ ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

..........................................................................................................

(३) इच्छा भए पनि ब्रत बस्न नसक्दा के गर्ने परम्परा रहेको छ ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

..........................................................................................................

(४) ‘छठ’ कहिलेदेखि मनाइदै आएको भन्ने जनविश्वास छ ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

..........................................................................................................

(५) हाम्रो देशमा मनाइने मुख्य चाड के के हुन् ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

..........................................................................................................

(ग) बाकसमा भएका शब्दहरु छानी खाली ठाउँमा भर्नुहोस् ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अवधिभर, | पूजा, | हुँदैन, | कार्तिक, | प्याज, | देखि, | शुद्धता, | तयार, |
| | | | धेरै, | राख्नुपर्छ | | | |

छठको ब्रतमा पवित्रताको.......................... महत्व रहन्छ। ब्रतालुले शरीर र वस्त्रको शुद्धतामा बढी ख्याल ............................। ब्रत ......................... नयाँ र शुद्ध कपडा लगाउनुपर्छ। ...........................सामाग्री र प्रसादका निम्ति....................परिने पक्वान र फलफुलको ..... .......................ध्यान दिनुपर्छ। ब्रतालुले ...................महिनाको आरम्भ ....................... नै माछामासु , लसुन.................. आदि खानु ...................।

## परिशिष्ट- ख

## अध्ययनका निम्ति प्रयोग गरिएका प्रश्नहरु

नाम : ______ छात्र ☐ छात्रा ☐

कक्षा : ☐ उमेर : ☐

विद्यालयको नाम : ______

पढिरहेको विद्यालय संस्थागत ☐ सामुदायिक ☐

१. शिक्षकले वाचन गरेको अनुच्छेद ध्यानपूर्वक सुनी तल दिइएको निर्देशनअनुसार प्रश्नहरुको उत्तर दिनुहोस् ।

(क) तल दिइएका विकल्पहरु मध्ये सर्वोत्कृष्ट उत्तरमा ठिक(√) चिन्ह लगाउनुहोस् ।

१) तराई मधेस मूलका हिन्दू धर्मावलम्बीहरुले मनाउने ठूलो चाड कुन हो ?

(क) उँधौली (ख) इद

(ग) तिहार (घ) छठ

२) छठ पर्व कुन महिनामा पर्दछ ?

(क) असोज (ख) कार्तिक

(ग) मंसिर (घ) पुस

३) पाण्डवहरुले गुप्तबासको सफलताका लागि के को आराधना गरेका थिए ?

(क) सूर्यको (ख) अग्निको

(ग) इन्द्रको (घ) वायुको

४) ब्रतबाट के पुरा हुने धार्मिक आस्था रहेको छ ?

(क) चाहना (ख) शत्रुता

(ग) आरोग्य र मनोकामना (घ) आवश्यक्ता

५) कस्को नेतृत्वमा ब्रत लिइन्छ ?

(क) ज्येष्ठ र स्वस्थ्य महिला (ख) ज्येष्ठ र स्वस्थ्य पुरुष

(ग) स्वस्थ्य छोरी (घ) स्वस्थ्य छोरा

(ख) तलका प्रश्नहरुको अति संक्षिप्त उत्तर दिनुहोस् । (१०)

(१) नेपाल कस्तो देश हो ?

उत्तर :.......................................................................................................

.......................................................................................................

.......................................................................................................

(२) छठ पर्वमा के गर्ने चलन रहेको छ ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

..........................................................................................................

(३) इच्छा भएपनि ब्रत बस्न नसक्दा के गर्ने परम्परा रहेको छ ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

..........................................................................................................

(४) ‘छठ’ कहिलेदेखि मनाइदै आएको भन्ने जनविश्वास छ ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

..........................................................................................................

(५) हाम्रो देशमा मनाइने मुख्य चाड के के हुन् ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

..........................................................................................................

(ग) बाकसमा भएका शब्दहरु छानी खाली ठाउँमा भर्नुहोस् ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अवधिभर, | पूजा, | हुँदैन, | कार्तिक, | प्याज, | देखि, | शुद्धता, | तयार, |
| | | | धेरै, | राख्नुपर्छ | | | |

छठको ब्रतमा पवित्रताको.......................... महत्व रहन्छ । ब्रतालुले शरीर र वस्त्रको शुद्धतामा बढी ख्याल ............................। ब्रत ......................... नयाँ र शुद्ध कपडा लगाउनुपछ । ...........................सामाग्री र प्रसादका निम्ति....................पारिने पक्वान र फलफुलको ..... .......................ध्यान दिनुपर्छ । ब्रतालुले ....................महिनाको आरम्भ ....................... नै माछामासु , लसुन................... आदि खानु ....................।

## परिशिष्ट- ग

## अध्ययनका निमित्त प्रयोगमा ल्याइएको पाठ्यसामग्री

नेपाल बहुजातिय,बहुभाषिक, बहुधार्मिक एवम् बहुसांस्कृतिक देश हो । यहाँ आ-आफ्नो धर्म, संस्कृति अनुरुपका साना ठूला धेरै चाडपर्वहरु मनाइन्छन् । दशैं, तिहार,छठ, गौरा, माघी, ल्होसार, उँधौली, उँभौली, इद, क्रिसमस आदि यहाँका मुख्य चाडपर्वहरु हुन् । यी मध्ये तराई मधेस मूलका हिन्दु धर्मावलम्बीहरुले मनाउने ठूलो चाड छठ हो ।

छठ कार्तिक महिनाको शुक्ल पक्षको षष्ठी तिथिका दिन विशेष पूजा हुने पर्व हो । संस्कृत भाषाको 'षष्ठी' शब्दबाट 'छठ' शब्द बनेको हो । यस पर्वका इष्ट देवलाई सुरज बाबा र छठी माइ भनेर पुरुष एवम् स्त्री दुबैलाई जनाउने शब्दले पुकार्छन् ; छठमा सूर्य देव र भगवती छठी माइको पूजा आराधना हुन्छ । यस पर्वमा सूर्य देवको पूजा र छठी माइको भजनकीर्तन गर्ने चलन रहेको छ । छठको ब्रतले शारीरिक आरोग्य र मनोकामना पुरा हुने धार्मिक आस्था रहेको छ । यस पर्वमा घरबाहिरबाहेकका सबै सदस्यहरु घरमा भेला हुन्छन् । आफ्नो परिवारका ज्येष्ठ र स्वस्थ्य महिलाको नेतृत्वमा ब्रत लिन्छन् । आफ्ना पति, छोराछोरी,नातिनातिना,आदिको सुख शान्ति र भलाईका लागि ब्रत बस्ने चलन छ । मुख्य ब्रतालुलाई परिवारका अरु सदस्यहरुले आवश्यक सहयोग पुऱ्याउछन् । इच्छा भए पनि ब्रत बस्न नसकेको अवस्थामा त्यसको सट्टामा अरुले पनि ब्रत बसिदिने परम्परा रहेको छ।

छठ वैदिक कालदेखि नै मनाइँदै आएको पर्व हो भन्ने जनविश्वास छ । पाण्डवहरुले वनवास कालमा एक वर्षको गुप्तवासको सफलताको लागि सूर्यको आराधना गरेका थिए । त्यसलाई सत्य मान्ने हो भने छठ द्वापर युगदेखि सुरु भएको थियो । सूर्य पुराणका अनुसार कार्तिक शुक्ल षष्ठीमा सर्वप्रथम अत्रि ऋषिकी पत्नी अनसुयाले यो ब्रतबसेकी थिइन् । यसै समय देखि छठको सुरुवात भएको हो ।

छठको ब्रतमा पवित्रताको धेरै महत्व रहनछ । ब्रतालुले शरीर र वस्त्रको शुद्धतामा बढी ख्याल राख्नुपर्छ । ब्रत अवधिभर नयाँ र शुद्ध कपडा लगाउनुपर्छ । पूजा सामाग्री र प्रसादका निम्ति तयार पारिने पक्वान र फलफुलको शुद्धतामा ध्यान दिनुपर्छ । ब्रतालुले कात्तिक महिनाको आरम्भदेखि नै माछामासु, लसुन, प्याज आदि खानु हुँदैन ।

## परिशिष्ट-घ

## अध्ययनका निमित्त समावेश गरिएका विद्यालय र विद्यार्थीहरु

### विद्यालय प्रकृति : सामुदायिक  (छात्र र छात्राहरु)

| क.सं | विद्यार्थीको नाम (छात्र) | विद्यालय | क.सं | विद्यार्थीको नाम (छात्रा) | विद्यालय |
|---|---|---|---|---|---|
| १. | मनिष रिजाल | श्री सहिद भीमनारायण | १. | प्रमिला वि.क. | श्री सहिद भीमनारायण |
| २. | निशान कुँवर | | २. | निशा सुवेदी | |
| ३. | जीवन विष्ट | | ३. | पुष्पा वि.क. | |
| ४. | मौसम दंगाल | | ४. | उषा पौडेल | |
| ५. | नरेश भुजेल | | ५. | सुनिता कटुवाल | |
| ६. | विजय लिम्बु | श्री राष्ट्रिय रमणीय आदर्श उच्च मा.वि. | ६. | अर्चना गिरी | श्री राष्ट्रिय रमणीय आदर्श उच्च मा.वि. |
| ७. | आदित्य तामाङ्ग | | ७. | अञ्जु लिम्बु | |
| ८. | कमल भण्डारी | | ८. | हरिमाया मिश्र | |
| ९. | विजय बस्नेत | | ९. | सोनिका खनाल | |
| १०. | विकास ताजपुरिया | | १०. | अस्मिता राई | |
| ११. | रोशन खनाल | श्री झिलझिले मा.वि. | ११. | सीता मगर | श्री झिलझिले मा.वि. |
| १२. | आशिक राई | | १२. | जीना राई | |
| १३. | निरज आचार्य | | १३. | सुजता बुढाथोकी | |
| १४. | रुपेश राई | | १४. | समीक्षा दाहाल | |
| १५. | रोहन कोईराला | | १५. | सन्ध्या बस्नेत | |
| १६. | बुद्धिराज लिम्बु | श्री भगवती नि.मा.वि. | १६. | एलिसा लम्जेल | श्री भगवती नि.मा.वि. |
| १७. | निकेश बोहोरा | | १७. | पूजा खड्का | |
| १८. | लक्ष्मी श्रेष्ठ | | १८. | अञ्जु बाँस्कोटा | |
| १९. | सजिन कार्की | | १९. | विनिसा खुलाल | |
| २०. | समीर श्रेष्ठ | | २०. | चन्द्रमाया लिम्बू | |

## विद्यालय प्रकृति : संस्थागत (छात्र र छात्राहरु)

| क्र.सं | विद्यार्थीको नाम (छात्र) | विद्यालय | क्र.सं | विद्यार्थीको नाम (छात्रा) | विद्यालय |
|---|---|---|---|---|---|
| १. | सन्देश प्रसाई | श्री सेभेनसिज बोर्डिङ हाई स्कूल | १. | दीक्षा शेर्मा | श्री सेभेनसिज बोर्डिङ हाई स्कूल |
| २. | सुमन लिम्बू | | २. | प्रेरणा चौधरी | |
| ३. | पासाङ्ग घिमिरे | | ३. | रोनिशा भट्टराई | |
| ४. | उत्तम भण्डारी | | ४. | सुस्मिता बस्नेत | |
| ५. | विनायक निरौला | | ५. | सबिता श्रेष्ठ | |
| ६. | मिराज कार्की | श्री पशुपति एकेडेमी बोर्डिङ स्कूल | ६. | सबिना लावती | श्री पशुपति एकेडेमी बोर्डिङ स्कूल |
| ७. | प्रतिक निरौला | | ७. | आकृती सापकोटा | |
| ८. | चन्दन खनाल | | ८. | अर्चना तामाङ्ग | |
| ९. | प्रसान्त निरौला | | ९. | ऋषिका दाहाल | |
| १०. | मिराक ढुङ्गेल | | १०. | अन्सिया फागो | |
| ११. | रोहन वि.क. | श्री ध्रुवतारा आवासीय बोर्डिङ मा.वि. | ११. | अनन्या ढुङ्गाना | श्री ध्रुवतारा आवासीय बोर्डिङ मा.वि. |
| १२. | आयुष दर्नाल | | १२. | लिला पोखेल | |
| १३. | विपिन लिम्बू | | १३. | इक्सा तावा | |
| १४. | रोनाल काम्बाङ्ग | | १४. | मिरा राई | |
| १५. | सविन योङ्गहाङ्ग | | १५. | प्रेणा गुरुङ्ग | |
| १६. | रोशन बुढाथोकी | श्री क्याम्ब्रिज बोर्डिङ मा.वि. | १६. | प्रश्ना घिमिरे | श्री क्याम्ब्रिज बोर्डिङ मा.वि. |
| १७. | धिरेन श्रेष्ठ | | १७. | उमा माभ्री | |
| १८. | दिवश मिश्र | | १८. | केलिशा लिम्बू | |
| १९. | सुमन सापकोटा | | १९. | सुस्मिता तामाङ्ग | |
| २०. | बिट्टु शाह | | २०. | सुजा खड्का | |

## व्यक्तिगत विवरण

नाम : बाल कुमारी अधिकारी

जन्म मिति : २०२९/०८/०६

पिता : विरेन्द्र कुमार अधिकारी

माता : स्व. माया देवी अधिकारी

पति : दीपक कुमार न्यौपाने

नागरिकता : नेपाली

धर्म : हिन्दू

स्थायी ठेगाना : शिवसत्ताक्षी नगरपालिका वडा नं.-०७

शैक्षिक योग्यता : एम.एड.

संलग्न : श्री झिलझिले माध्यमिक विद्यालय, शिवसत्ताक्षी नगरपालिका वडा नं.-०६

सम्पर्क नं. : ९८१७९६५१५९/०२३–४७०३६०